'हाम्रोएकता' प्रकाशनको गौरवमय 19 औं वर्ष
- हाम्रोएकता समिति

भारतीय अखण्डताको प्रतीक

# हाम्रोएकता

नेपाली भाषाको मासिक समाचार पत्र

पृष्ठ सं० - 8

वर्ष -12 | अंक-02 | देहरादून, 30 अप्रैल 2017 | मूल्य रु० 3.00

**भाषा छ त हामी छौं**

हाम्रो भाषा नेपाली
छ त हामीछौं,
भाषा छैन त हामी छैनौं।
कुनै जातिलाई मास्नु छ भने
उस्को भाषालाई समाप्त
गरि दिनु पर्छ त्यो जाति
आफै बिलाउंछ। हामी
गोरखाहरू भाषालाई छोड़ेर
न बिलाऔं
-हाम्रोएकता

# गोरखाली सुधार सभाको 79औं स्थापना दिवस समारोह

**हाए संवाददाता**



गोरखाली सुधार सभा मानेंक शॉ सभागारमा उपस्थित सदस्यहरू

**देहरादून 17 अप्रैल।** देहरादून भेकका गोरखाहरूको प्रमुख संस्था गोरखाली सुधार सभाले आफ्नो 79औं दिवस आफ्नो कार्यालय परिसरमा, प्रदेश भरी फैलिएका आफ्ना शाखाहरूका सदस्य, समुदायका माननीय पाहुनाहरूलाई आमंत्रित गरी, अध्यक्ष ले.क.भगवान सिंह क्षेत्रीज्यूको अध्यक्षतमा धूमधाम सित मनायो। प्रदेशकी बाल विकास मंत्री (स्वतंत्र प्रभार) रेखा आर्यज्यूको मुख्य अतिथिको रूपमा गरिमामयी उपस्थिति थियो। साथै वशिष्ठ अतिथिहरूमा मसूरी विधायक गणेश जोशी, ले.ज. शक्ति गुरूंग, ले.ज. राम प्रधानज्यूहरू उपस्थिति थिए। अनि सभाका पदाधिकारीहरूमा वशिष्ठ उपाध्यक्ष ले.क. एन.एस.थापा, महासचिव पदम सिंह थापा, मीडिया प्रभारी प्रभा शाह, वांदना ठाकुर आदि उपस्थित थिए। कार्यक्रमा सभाका पदाधिकारीहरूले पुरोला, जोशीमठ आदि क्षेत्रहरूमा गोरखाहरूलाई विदेशी भनेर परेशान गर्ने मुद्दा मंत्रीज्यूको सामने राखियो। यस विषयमा मंत्रीज्यूले उचित पाइलो चाल्ने आश्वासन दिनुभयो। मंत्रीज्यूले समारोहमा आफ्नो संबोधनमा भन्नु भयोकि "गोरखा समाजले पहाड़को आर्थिकीलाई सहारा दिएको छ। यस्तोमा गोरखाहरू संग नराम्रो व्यवहार हुनुचाहिंदैन। सभा अध्यक्ष क्षेत्रीज्यूले आफ्नो भाषणमा भन्नुभयोकि गोरखाहरू मूलरूपले बाबा गोरखानाथज्यूको अनुयायीहरू हुन जस्ले आफ्नो विरताले अंग्रेजहरूको सामना गरेका हुन तर गोरखाहरूलाई विदेशी भनेरा प्रताड़ित गर्न उचित छैन भन्नुभयो। त्यस पछि रेखा आर्यज्यूले महिलाहरूको लागि संचालित सिलाई कढ़ाई प्रशिक्षण कार्यक्रम हेर्नुभयो अनि सराहना गर्नु भयो। उहाँले संस्थानलाई महिला उत्थानको निम्ति मद्द दिने आश्वासन दिनुभयो यसै क्रममा मसूरी विधायक गणेश जोशीज्यूले विधायक निधि बाट महिलाहरूलाई 5 वाट सिलाई मशीन दिनु भयो। स्थापना दिवसको खुशीमा मंत्रीज्यूको बाहुली बाट सेनामा, खेलमा अनि शिक्षामा उल्लेखनीय योगदान दिनेहरूलाई पनि सम्मान गरियो।

**रहल पृष्ठ 3 मा**

# भारतीय सेना प्रमुख जर्नल विपिन रावत, नेपाली सेनाका मानद जनरल रैंकले सम्मानित

**हाए कार्यालय**



नेपालकी राष्ट्रपति विद्या देवीको बाहुलीबाट जनरल को मानद रैंक प्राप्त गरि रहेका भारतीय सेना प्रमुख जनरल विपिन रावत

**काठमांडू 29 मार्च।** नेपालको चार दिवसीय भम्रणको अवसरमा काठमांडू पुर्गका भारतका सेना प्रमुख जर्नल विपिन रावतज्यूले यहां नेपाली सेनाका प्रमुख्यालमा आफ्नो नेपाली समकक्ष जनरल राजेन्द्र क्षेत्री संग दुवै देश मध्य मधुर सैन्य सहयोगको मुद्दा माथि भेटघाट गर्नु भयो। यस अवसरमा भारत नेपालका सेनाहरूले परस्पर चिन्ता गर्ने विषयहरू एवं सैन्यतामा सहयोग बढ़ाउने उपायहरू माथि चर्चा गरे। यस भन्दा अघि सेना प्रमुख जरनल विपिन रावतलाई राष्ट्रपति भवनमा भएको एउटा आधिकारिक कार्यक्रम राष्ट्रपति विद्या देवीको बाहुली बाट नेपाली सेनाको मानद जनरल रैंकले सम्मानित गर्नु भयो। नेपाल र भारत बीचमा सेना का जनरल प्रमुखलाई आफ्नो देशका मानद जनरल रैंक दिने वर्षो देखि यो परम्परा रहेको छ। दुवै देश बीच रहेको माधुर मैत्री संबंधको दृष्टिकोणले हेर्दा यो अति महत्वपूर्ण कदम मानिन्छ। यस भन्दा अघि जनरल विपिन रावलते नेपालका रक्षा मंत्री बाल कृष्ण खाड संग पनि भेंट गरेका थिए। जस्मा सैनिक सामग्रीहरू किन्ने बाबत कुरा कानि अघि बढ्यो। काठमांडू स्थित नेपाली सेना मुख्यालयमा जनरल रावतलाई **"गार्ड ऑफ ऑनर"** पनि दिएको थियो। यस पछि जनरल रावतले टुडीखेलमा स्थिति, आर्मी पेबेलियनमा नेपाली सेनाका वीर शहीद सैनिकहरूलाई श्रद्धांजलि दिए। आफ्नो चार दिवसीय यात्रामा जनरल रावत पोखरा स्थित भारतीय सेनाको पेंशन कैम्पमा पनि जानुभयो अनि पूर्व सैनिकहरू संबोधित गर्नु भयो। यस पनि जनरल रावत पशुपति नाथ मंदिर दर्शनार्थ पुगु भयो। आफ्नो यस भ्रमणको दौरान जनरल रावतले नेपाली सेनाका अरू वरिष्ठ अधिकारिहरू संग पनि विचार विमर्श गरे। सेना मुख्यालय सांस्कृतिक सन्ध्याको आयोजन पनि भएको थियो। जनरल विपिन रावतले नेपाली प्रधानमंत्री पुष्प कमल दहल 'प्रचण्ड' संग पनि भेंट गर्नु भयो। जनरल विपिन रावतको यस चार दिने भ्रमणका अगवानी नेपाली सेनाका चीफ ऑफ स्टाफ पूरण चंद्र थापाले काठमांडू स्थित त्रिभुवन इन्टर नेशनल एयरपोर्टमा गरेका थिए।

# इन्डिया ओपन खिताब सिंधूको नाम

**हाए कार्यालय**



पी.वी सिंधु अनि स्पेनकी कैरोलिना मारिन

**नई दिल्ली 2 अप्रैल अइतवार।** सिरी कोर्ट इन्डोर स्टेडियमको बेडमिन्टन कोर्ट न.1. मा सिंधूले मात्रै 47 मिन्टमा आफ्नो टॉस सर्विस अनि जबरदस्त स्मेशको बदौलत इन्डिया ओपन वर्ल्ड सपर सीरिज बेडमिन्टनको महिला सिंगल फाइनलमा 21 -19, 20-16 पॉइन्ट लिएर ओलम्पिक स्वर्ग पदक विजेता स्पेनकी कैरोलिमा मारिनलाई घुँड़ा टेकाई फाइनल जीती। "खिताब जीत र आफ्नो प्रदर्शनले म खुशी छु। खासतौरमा पहिला गेम जित्नु अहम रह्यो।। गोपी सरको मार्ग दर्शन राम्रो थियो। मारिनले पनि राम्रो खेल देखाई तर हर दिन कोर्टमा 100 प्रतिशत दिन सकिन्न। मैचमा शुरू देखिनै एक-एक अंकको लागि संघर्ष भयो। लामो रैलीहरू चलयो।"- पी. बी सिंधु"आजको दिन मेरो थिएन सिंधूलाई खिताबी जीतको बधाई"- कैरोलिना मारिन।

# हाम्रोएकता

रविवार 30 अप्रैल 2017 : बैशाख, शुक्लपक्ष-पंचमी वि.सं. 2074


## सम्पादकीय

## हाम्रो एकताको यात्रा वृत्तान्त

जनवरी 1999मा हाम्रो एकताको द्विमासिक प्रकाशनको थाल्नी एउटा इतिहास नै भै रहेको छ। 19 वर्षको यस ऐतिहासिक यात्रामा हाम्रो एकता लगातार सुस्त-सुस्त भए पनि हिंडी रहेको छ आफ्नो अभिष्ठ उद्देश्य तर्फ "उत्तराखण्डप्रदेशमा प्रमुख नेपाली दैनिक भएर उभिने", टाड़ा लाग्दैन अब त्यो उद्देश्य केन भने समुदायका ती सहयात्रीहरू पनि न थाकि कन संगै अंगालिएर हिंड़ी रहेका छन। बांड़ी रहेका छन तीता-मीठा अनुभवहरू हाम्रो एकताको मचंमा उभिएर। हाम्रो एकताको यात्रा एउटा न चिनेको बाटो तिर लमकिएको थियो। पत्रकारिताको अनजान गोरैटोंमा केहि भाषा सेनानी अनि भाषा प्रेमीहरूको भाषा प्रति रहेको अदम्य उत्साहको प्रतिफल नै भनौं आजको हाम्रो एकता। सुधि पाठकहरूको ऊर्जा लिएर समुदायको शुभकामना बोकेर यदि आज हाम्रो एकता दीर्घायु छ भने मात्रै आफ्नो मातृभाषा बोल्ने नेपालीभाषी समुदायको कारण। मान्छेहरूले उदाहरण दिएर खिल्ली उड़ाएको पनि सहेको छौं हामीले तर सयौं वर्ष देखि हामील जे जति भाषा जोगाएर राख्न सकेयों त्यो गुन ती स्वयंभू पंडितहरूले अझै बुझेका छैनन्। हामी भारतीय गोरखाहरूले भारतीय नेपाली बोली रहेका छौं, लेखि रहेका छौं यस्मा कसैलाई शंका हुनु चाहिन्न, हामीलाई गर्व छ।19 मार्च 2006 को दिन हाम्रो एकताको निम्ति ऐतिहासिक हुन पुग्यो। यस दिन समाचार पत्रले मासिक पत्रको रूपमा समाचार जगतमा फाल हालेको थियो।

इतिहास त धैरे भयो आज वर्तमानलाई खंगालने आवश्यकता आई परेको छ। वर्तमानमा जत्तिकै प्रोग्रेस सम्भावित थियो त्यहां सम्म हाम्रो यो एकता पुग्न सकेको छैन। तर 18-19 वर्ष पुरानो सदस्य अनि वितरकहरूको अथक परिश्रमले जिउंदो छ आज सम्म। यत्ति अवश्य भएको छ कि आजीवन सदस्यहरूको संख्या एक दुई एक दुई भए पनि उत्तरोत्तर बढ़्दै छ। नवादा, क्लेमिन्टाउन, मोहब्बेवाला, चन्द्रमणी, पंडितवाड़ी, प्रेमनगर, ठाकुरपुर, गढ़ी, डाकरा, विलासपुर, कांडली, पुरोहिवाला, अनारवाला, जोहरी, नया गांव आदि गाउंका हाम्रो एकता सदस्यहरू अनि वितरक महोदयहरूको हाम्रो एकता समिलिते हार्दिक आभार व्यक्त गर्दछ। हामी श्यामपुर, छिदरवाला, राझांवाला गाउंका माननीय सदस्यहरू र वितरक महोदयको पनि आभार व्यक्त गर्न चान्छौं उहांहरूले केहि वर्ष सम्म सहयोग दिएर सदस्यताको परित्याग गरि दिनु भयो। जनपदका कय्यन ठाउंहरूमा अझै हाम्रो एकता पुरयाउन सकिएको छैन यो एउटा विचारणीय विषय रहेको छ हाम्रो लागि। जनपद भन्दा बाहिर दार्जिलिंग जिल्लाको खरसांगमा गोरखा जन पुस्तकालयको निम्ति र हिमाचल प्रदेशमा मात्रै एक दुई प्रति प्रेषित हुन्छ। अलिकता हाम्रो एकताको खर्चपानीको कुरा न गरे सम्म यो गन्थन टुंगिने छैन। यत्ति बेला मासिक खर्चा करीब 4000 जति हामीले सदस्यताबाट, पुरा गरि राखेका छौं। 2006मा तत्कालीन मुख्यमंत्री श्री तिवारी द्वारा प्रदत्त एक लाख बाट अनि 2007 साल देखि सूचना एवं लोकसम्पर्क निदेशालयले दिएको विज्ञापन बाट, खर्चा चलाई राखेका छौं जो आउने भविष्यमा सदस्यहरूको अझै खांचो अनि हाम्रो एकताका शुभचिन्तकहरूबाट आवश्यक मददको दरकार हामीलाई पर्ने छ।अन्त्यमा एउटा अनुरोध गर्न सकिन्छ कि खबर त सैकड़ों स्रोतबाट प्राप्त हुन्छ र गरी राखेका छौं तर आफ्नो भाषाको निम्ति हाम्रो एकता पढ़ी दिनु होस अनि लेखेर हुन्छ कि, खबर दिएर हुन्छ कि, सल्लाह दिएर हुन्छ कि आर्थिक मदद दिएर हुन्छ, हाम्रो एकताको मददको लागी अघि आउनु होस। हाम्रो मुद्दा छ 'उत्तराखण्ड प्रदेशमा प्रमुख नेपाली दैनिक भएर उभिने'। यो अप्रैल महिनाको प्रकाशन हाम्रो एकता मासिकको 19औं वर्षको द्वितीय अंक हो, खुशी लागेछ। यस्तै गरी संधै हाम्रो एकताको अंक गोरखाली जनताको हाथमा राख्नु सकियोस् धन्यवाद।

# सुबेदार निरञ्जनसिंह छेत्री

तितुमनम् गाउँ, जिल्ला हरद्वई, उत्तरप्रदेश निवासी स्व: दरियासिंह छेत्रीको छोरो निरञ्जनसिंह छेत्रीको जन्म तिथि बारे केही जानकारी पाइन्न यद्यपि उनी सर्वप्रथम 34 नेटिव इन्फेन्ट्री रेजिमेन्टमा भर्ना भएका थिए। पछि त्यो रेजिमेन्ट छोड़ेर उनि मणिपुरको थाङ जेनेरल प्रिन्स टिकेन्द्रजीतको सेनामा सुबेदार पदमा भर्ना भए। अंग्रेजहरूले मणिपुर क्षेत्रलाई आफ्नो कब्जामा पार्ने जुन योजना बनाएका थिए त्यसको विरूद्ध लड्न मणिपुरमा खटिए। राजकुमार टिकेन्द्रजीत कुनै पनि अवस्थामा आफ्नो भूमि अंग्रेजलाई सुम्पन तयार थिएनन् त्यसैकारण अंग्रेजहरूसँग उनीहरूले युद्ध छेड़े जस्मा सुबेदार छेत्री लगायत राजकुमार टिकेन्द्रजीत, सेनापति थंगल (Thangal) आदि पक्राउ परे। उनीहरूलाई थुनुवा गराई 23 अप्रैल 1891 का दिन मणिपुरको भूमिमाथि अंग्रेजले अधिग्रहण गर्‍यो। त्यसपछि पक्राउ परेर जेलको यातनासहित सजाय भोगिरहेका यी व्यक्तिहरू माथि मुद्दा चल्यो जस्मा एकपछि अर्कोलाई फाँसीको सजाय सुनाए अंग्रेजहरूले। यसरी ता: 8. 6.1891 का दिन ब्रिटिशहरूको आदेश अनुसार इम्फालस्थित सनाथोङ (Sanathong) का नजिक काङला जेलमा निरञ्जन सिंह छेत्री र राजकुमारलाई फाँसीमा झुण्ड्याइयो। 13 ता: अगस्त 1891 का दिन सेनापति थङ्गललाई पनि झुण्ड्याइयो। उनीहरूको बलिदानलाई मातृभूमिको निम्ति गरिएको सर्वोच्च बलिदान ठान्दै मणिपुर राज्यमा मणिपुरीहरूले 13 ता: अगस्टका दिनलाई शहीद दिवसका रूपमा मनाउँछन्। भारत देशको निम्ति हुरूक्कै भएर आफ्नो प्राणको आहुति दिने गोरखाहरूको आज पर्यन्त उचित मूल्य र कदर छैन। किन? जुन समय यस भारत भूमिमा सुबेदार निरञ्जनसिंह छेत्रीले अंग्रेजहरूको विरूद्ध लड़ेर भारत भूमिका रक्षा हेतु आफ्नो प्राणको सर्वोच्च बलिदान दिए त्यस समय "मैं हूँ" भन्ने भारतीय राष्ट्रवादीहरू कहाँ थिए? त्यस समय यस्ता राष्ट्रवादी निञ्ज्जनसिंह तथा राजकुमार टिकेन्द्रजीतहरूलाई साँचो राष्ट्रवादी भावनाले प्रेरित भएर सघाएको भए अग्रेंजहरूले आफ्नो उपनिवेशवादी एवं साम्राज्यवादी शक्तिलाई भारतमा अरू अघाड़ि फैलाउनु सक्नले थिएनन्। त्यसै समय देखि गोरखहरूले आफ्नो चोखो राष्ट्रप्रेम दर्शाउँदै आएको कुरा आज न मणिपुर राज्यले भुल्न सक्छ नत भारत सरकारले नकार्न सक्छ। सन् 1891 देखिका यस्ता देशभक्ति र राष्ट्रप्रेमका उदहारणहरू हुँदाहुँदै वर्तमानमा बांगलादेशबाट अवैध रूपमा पश्चिम बंगालमा छिरेर बसेकाहरूले जनचेतना मञ्च खोलेर गोरखालाई विदेशी भन्दैछन् र अवैधरूपमा भारतमा पसेका 3 करोड़ बांगलादेशीलाई एकातिर एक नम्बर भारतीय एवं खाँटी स्वदेशी भनेर काखी चेप्दैछन् र अर्कातिर गोरखाहरूको भारतमाता प्रतिको इमानदारिता माथि प्रश्न चिन्ह लगाउँदैछन्।[1]

# भगतवीर तामाङ (स्वतन्त्रता सेनानी)

घैयाबारी चियाबारी, मिरिग -दार्जीलिंग निवासी स्व: अषिकदेव तामाङका छोरो थिए। भगतबीर तामाङ। उनी एक स्वतन्त्रता संग्रामी थिए। महात्मा गांधीले ब्रिटिशहरूको विरूद्ध शुरू गरेको असहयोग आन्दोलनका समय अर्थात् सन् 1920मा दार्जीलिङ पहाड़ी इलाकामा उनी एक साँचो गांधीवादी भई असहयोग आन्दोलनका बारेमा जन-जनलाई सचेत गराउँदै र अंग्रेजहरूका विरूद्ध लड्न मानिसहरूलाई सचेत गराउँदै हिँड्थे। त्यसबेला उनी लगायत उनका सहयोगी नेताहरू पक्राउ परे तर उनीहरूलाई शीघ्र नै छोड़ियो। सन् 1921 सालमा उनी पुन: पक्राउ परे तर उनले मुक्ति पाए। यसो हुँदा हुँदै उनी राजनीति र राजनीति क्रियाकलापमा परिपक्क हुँदै गए अनि दार्जीलिङ पहाड़का चियाबगानतिर घुमेर त्यहाँका श्रमिकहरूलाई स्वतंत्रता विषयमा सचेत गराउने काम निरन्तर रूपले गर्दै गए। उनको यस्तो अंग्रेज विरोध ी गतिविधि देखेर अंग्रेज म्यानेजर तथा साहेबहरू जल्न थालेपछि उनी फेरि थुनुबा परे सन् 1923 सालमा। उनलाई दार्जीलिङको जिल्ला कारागारमा राखिएको थियो। साम्राज्यवादी अंग्रेजहरूको कठोर यातना उनले भोग्नु पर्‍यो। दिन-रातको कोड़ाको शारीरिक प्रताड़ना उनको वृद्ध अवस्थाले सहन सकेन। 55 वर्षको उमेरमा सन् 1924 सालमा उनी जिल्ला कारागारमै मरे। अंग्रेहरूको कुटाइले उनको मृत्यु भयो। उनी देशको निम्ति लड़े तर स्वतन्त्रताको मुख हेर्न नपाई शहीद भए। उनी जस्ता निडर, बहादुर गोरखा सन्तानको त्यसबेला स्वतंत्रता चाहने भारतीयहरूलाई खाँचो थियो तर वर्तमानमा तिनै गोरखा सन्तानलाई भारतमा महत्वहीन मानिन्छन्। किन? सन् 1982 सालमा पश्चिम बंगालको गृह विभाग द्वारा भारत स्वतंत्रता संग्रामका अवधिमा भारतका विभिन्न जेलमा यातना सहित मारिएका शहीदहरूका नाममा " In Memories of martyrs to the cause of India's freedom dying in diffeent jails" नामक पुस्तक निकालियो र यसलाई भारतको स्वतन्त्रता दिवसको आशीर्वचन लेख्नेहरू त्यस समयका (सन् 1982) पश्चिम बंगालका मुख्यमंत्री श्री ज्योति बासु, गृह मंत्र देबब्रत बन्दोपाध याय र सूचना एवं संस्कृति, गृह (पुलिस प्रशासन) मंत्री (सन् 1997) श्री बुद्धदेवी भट्टचार्य (वर्तमान पश्चिम बंगालका मुख्यमंत्री) थिए तर स्वतंत्रता समय जेलमा कैदीको यातना सहितको जीवनमा मर्नेहरूमा भारतीय अन्य नागरिक सबैको नाम पर्‍यो तर दार्जीलिङका भगतबीर तामाङको नाम आउँदै आएन। यो पुस्तक पढ़िसक्दा के स्पष्ट हुन्छ भने प्रथम, पश्चिम बंगालले दार्जीलिङलाई पश्चिम बंगालको त के भारतको पनि हिस्सा मान्दैन। दार्जीलिङलाई पश्चिम बंगालको अभिन्न अंग मान्छ भने दार्जीलिङको जेलमा अंग्रेजहरूको कुटाइ खाएर मर्ने शहीद भगतबीर तामाङको नाम उच्चारण गर्न किन अप्ठेरो पर्‍यो? द्वितीयत: भारतमा गोरखाको योगदानलाई फुटेको आँखाले पनि हेर्न नसक्ने पश्चिम बंगालका सत्ताधारी शक्तिहरूले गोरखालाई न आफ्नो राज्यको नागरिक (बंगालीसरह) मान्छ नत गोरखा मनोभावलाई कहिल्यै बुझ्ने प्रयास गरेको छ। तृतीयत: जम्मा 131 जना शहीदहरू जस्ले जेलमा मरेर मातृभूमि भारतका निम्ति आफ्नो प्राणको सर्वोच्च बलिदान दिए तीमध्ये शहीद भगतबीर तामाङको नाम मात्र हटाएर 130 जना बनाउनमाके रहस्य लुकेको छ? बंगालले सन् 1866 सालदेखि नै गोरखालाई दमन र शोषणा गर्दै ल्याइरहेको र झन् भारत स्वतंत्र भएदेखि यता अझ भनौं भारत-नेपाल बीचको मैत्री सन्धि (सन् 1950) देखि यता सँधै छेत्री (मणिपुरका) को त नाम नपर्नु स्वाभाविक नै पनि हो किनभने यस्ता जातिसत्ता र जातिवादी राजनीतिक गर्नेहरूका निम्ति सन् 1891 सालतिर 'आजादी एवं स्वतंत्रताको संग्राम' भन्ने कुन चराको नाउँ हो पत्तै थिएन्।

धर्म चर्चा

# धर्मको मर्म

## “साभार-योग संदेश ” सम्पादकीय पृष्ठ -7 पंक्ति-11

योग, अध्यात्मक व ध्यानादिको माध्यम बाट ज्ञानको प्रकाश पहिला बुद्धिमा आओस र त्यसपछि त्यो जीवनको आचारमा आउँछ भने त्यो नि:श्रेयस हो। धर्मको ठीक-ठीक बोध-न-हुनाले कहाँ संघर्ष हुन्छ? धर्मको मर्म न जान्न सकनु सबै भन्दा ठूलो संघर्षको छेत्र हो- (1) साप्रदायिक संघर्ष- केवल मात्र मेरो सम्प्रदाय नै सर्व श्रेष्ठ छ, सबै मनुष्य मेरो नै सप्रदायको अनुयायी बनोस। केवल मेरो सप्रदायलाई मान्नाले नै मोक्षको प्राप्ति सम्भव छ इत्यादि भ्रमको काररा धर्म परिवर्तन आदिको संघर्षले मनुष्यबाट उसको मानवाधिकार खोस्न थालेको छ। (2) आर्थिक संघर्ष- मसंग अत्याधिक धन सम्पत्ति छ तेसले म नै सर्वश्रेष्ट हुँ म नै कुलिन हुँ। जबकि हुनु पर्छकीमा पनि श्रेष्ट छु तथा सबै जना पनि श्रेष्ठ छन।(3) राजनैतिक संघर्ष- मेरो पार्टी उसको सिद्धान्त र एजेन्डा नै सर्व श्रेष्ठ छु तेस कराराा सबै पार्टीहरूमा संघर्ष हुन्छ। (4) शिक्षा का संघर्ष- शिक्षामा बच्चालाई अनिवार्यरूपमा पढ़ाउनु पर्छ, यसको ठीक-ठीक निर्णय न हुनु, तथा केही आर्थिक रूप बाट कमजोर मेधावी बच्चालाई पनि उच्च शिक्षा प्राप्त न हुनु। अशिक्षा को कारण देशमा सृजनात्मकता मान्युनता हुन्छ। र अयोग्य व्यक्तिहरूको उच्च पदहरूमा समासनि हुन्छन। (5) स्वास्थ्य संग सम्बन्धिन जानकारीको अभावमा जीत पनि मानिसहरूको रोग र दुखादिको काररा अकालमृत्यु हुन्छ अथवा धन सम्पत्ति र शक्ति बिमारीको काररा नष्ट हुन्छ, यसतो मा हाम्रो पतंञ्जलिको को ध्येय हुनु जान्छ अर्को अंक मा लेखौंला।

**प्रस्तुति पदम सिंह कार्की**

## *हाम्रो एकताको हार्दिक अनुरोध*

*हाम्रो एकताका सम्मानित सदस्य एवं पाठकगणहरू सित हार्दिक एवं विनम्र अनुरोध छ कि डाक द्वारा हाम्रो एकता प्राप्त गर्ने सदस्य एवं पाठहरूको तर्फ बाट केहिलै पनि पाएको नपाएको समाचार हाम्रो एकता कार्यालयले पाएको छैन। जस कारणले गर्दा यहा कार्यालयमा संधै अन्यौलको स्थिति बनी रहन्छ , पाएको होलाकि पाएन होला भनि। हामीले कार्यालयको सूचि अनुसार प्रत्येक महिना 5 तारीकको दिन “**हाम्रो एकता** ” डाक द्वारा (आइतवार व अवकाश छ भने 6 तरीक) प्रेषित गरी रहेका छौं। हाम्रो एकता कार्यालयलाई सदस्य/ पाठकहरूको तर्फ बाट कुनै पनि प्रतिक्रियाको संधै प्रतिक्षा रहन्छ त्यो चाहे प्रकाशन साम्रगीको होस, सुझावहरूको होस वा कुनै अरू कुराको होस तर पाठकहरूको तर्फ बाट प्रतिक्रिया पाउने सौभाग्य प्रबन्धनले कहिलै पाएको छैन यो अति दुख लाग्दो विषय भएरा संधै अघि उभि रहन्छ। हजुरहरूले सम्झेर बुझेर हाम्रो एकताको सहयोग गरे दिनुहोला।*

पृष्ठ 1 को रहल

**गोरखाली सुधार सभाको ......**



विभिन्न शाखाहरूका कलाकार हरूले गोरखा सांस्कृतिक नृत्य गीतहरू प्रस्तुत गरी समारोहलाई संगीतमय बनायेका थिए। जनपदको प्रमुख गुरांस सांस्कृतिक कलाकेन्द्र लगायत चंन्द्रमणी शाखा, केमेन्टाऊन शाखा, जैतनवाला शाखा, ठाकुरपुर शाखा आदिको नृत्य अनि गीतहरूमा भागीदारी भएको थियो। यस शुभ अवसरमा गोरखाली सुधार सभाको विशेषांक पत्रिका विमोचन एवं वरिष्ठ साहित्यकार एवं लेखक हाम्रो एकता नेपाली मासिकका अध्यक्ष आ.कै पदम सिंह थापाज्यूको पुस्तक **“हिमालय महाकुंभ नंदा राजजात”** को विमोचन पनि मंत्रीज्यूको बाहुलीबाट संपन्न भयो। समारोहमा सम्मान हुनेहरू-1962 युद्धको वीर चक्र विजेता ले.क. अमर सिंह खत्री 1971 युद्धमा महावीर चक्र विजेता वीर बहादुर पुनकी पत्नी भुवनेश्वरी देवी, 1997 युद्धमा कीर्तिचक्र विजेता संजय शाहीकी आमा भीमेश्वरी देवी, महावीर चक्र विजेता महावीर सिंह थापाको पुत्र राम प्रसाद थापा, 1999 कारगिल युद्धमा वीर चक्र विजेता खुशीराम गुरूंग नितिका राना, लांग जम्पमा राष्ट्रीय स्तरमा चयनित महक गुरूंग, बास्केटबॉलमा राष्ट्रीय स्तरमा तीसरा स्थान मैथिली राणा, राज्य स्तरीय किक बॉक्सिगमा पहला स्थान अमृत गुरूंग, एनसीसीमा नेशनल फुटबालमा चयन प्रकाश गुरूंग, तिलक बहादुर गुरूंग, वायुसेनामा फ्लाइट लेफ्टिनेंट चुनिएकोमा प्रमोद क्षेत्री, राष्ट्रीय स्तर दुई सौ मीटर रेसको विजेता दिवेश क्षेत्री, एथलोटिक्समा स्वर्ण पदक धारी, प्रधानमंत्री स्वच्छ भारत अभियानमा पुरोहितवाला ग्राम प्रधान मीनू क्षेत्री, सिंगलीकी ग्राम प्रधान , मोथरोवालाको ग्राम प्रधान नवीन क्षेत्री, राष्ट्रीय खेलमा जेवलिंग थ्रोका विजेता विजय रात सिंह बिष्ट।

# योग-प्राणायाम

**के.एस. थापा**

योग:-प्राणायाम देवनागरि शब्दलेनै मानवजाती विशेषलाई दर्शाउंछ, जो कुनै एउटा मानुषवर्गले रूचाउंदैना, यो मानव प्रवृति हो। मानवले बुझनुपर्छ, मानवनै प्रकृतिको उत्तकृष्ट देन हो । सम्पूर्ण भूमण्डलमा मानवप्राणीको सृजना भूगौलिक आधारमानै छ। संरचनामा मानवनै सबै प्राणीमध्य बौद्धिक एंव संवेदनशील छन। यसको विशेष कारणपनी मानवलेनै बुझनपर्ने छ। मानवमा राम्रा नराम्रा बुद्धिविवेक प्रकृतिकोनै देन हुन, अनि एसैकारण मन परेनुसार आफुलाई परिवर्तित गर्नमा सक्षम छ। योग एउटा मानव शारीरिक संतुलन स्थिर गर्ने विधि हो। भूखण्डका विभिन्न खण्डमा भएका मानवप्राणाी विवेकानुसार यसको उपयोग गर्दाछन। भूगौलिक दृष्टिकोर्णले भारत देश भूमि मानव हित्तकारी बुझिन्छ। यहाँका मानवले पूर्वकाल देखी योग प्राणायाम विधिलाई शारिरिक र अध्यात्मिक रूपमा प्रयोग गरे। यसको परिणामले उहांले जीवन लक्ष्य भेटाए त्यसर्थ योग प्रणाली जीवनदायिनि बन्यो। विशेषगरी त्यो बेला धेरै गरी यस क्रियालाई साधू-सन्त, योगी (जोगी) वर्गले आध्यात्मिक सिद्धि निम्ति गर्नुको कारण यस प्रक्रियालाई योग ’ भन्नुथाले, साथै यो व्यायाम प्रणाली भारतमा विकसित हुनुको कारण’ योग भारतीय देन हुन गयो। आधुनिक परिवेशमा, कटट्र विचारधाराले“ योग - प्राणायाम” शब्द, विशेष कुनै वर्ग संग हेर्दा विवाद उत्पन्न भयो जस्को कुनै आधार देखिंदैन। धर्म योग प्राणायाम व्यायाम कुनै व्यक्ति विशेष अथवा जाति धर्म जस्ता संकूचित विचारधारा संग सम्बन्धित छैन। यो एउटा सर्वसाधारणको निम्ति शारीरिक व्यायाम हो, जस्ले मानव शरीर र मानसिक सन्तुलन स्वस्थ एवं स्थिर राखन सहायता गर्छ। जस प्रकार मानव विवेकनुसार नाना प्रकारका वर्ग -धर्म निर्माण भए ठीक विपरित योग-प्राणायाम लाई धर्मनिप्रेक्ष भन्नु सकिन्छ। मानव विचार धारा कुनै युगमा पनि मिलेना-यो एतिहासले दर्शाउछ। जस्को मूलकारण मानव प्रवृतिनै देखिन्द। मानवले प्रकृतिलाई बुझनपर्ने र शिक्षा लिनुपर्ने, उहां कै सम्मुख ठूला- ठूला विशाल खोला नाला अनकौं अवरोधालाई पारगरी आपसमा मिली विशाल समुद्र संग मिली संसारलाई जीवनदान गरेकाछन। यो एउटा उदाहरण मानवलाई चेताउनी पनि हुन। स्वच्छ मानव विचारधारा’ नमिल्दा विरोधाभास उत्पन्न भएको छ। जो मानव हित्तमा देखिन्न।आधुनिक परिवेशमा योगा -प्राणायामा- प्राणज्ञाम जाति विशेष अनि राजनीति विषय बनेको छ धर्मनिर्पेक्ष जस्ता देशमा कट्टरपंथी विचारधारा मानव अधिकार विरोधी एवं जनसारधारण निम्ति हानिकारक सिद्ध हुन्छ। योग प्राणायाम-व्यायामलाई कुनै जाति-धर्म अथवा राजनीति दृष्टिले न हेरी एउटा मानव स्वास्थ्य कल्याण हित्कारी व्यायाम समझनु पर्छ। सृष्टि रचनामा सूर्य एउटा अति प्रभावशाली ग्रहहो! सृष्टिको समस्त ग्रहले आफ्ना कर्तव्य गरी बसेका छन, सोइपरि सूर्य ब्रह्माण्डको मुख्य ग्रह हो जस्ले, आफ्नो ऊर्जाशक्ति सम्पूर्ण ब्रह्माण्डका प्राणीलाई जीवन प्रदान गर्छ। मानव कतिनै कटट्रपंथी-संकुचित भएतापनि अकृतज्ञ हुंदैना । कुनै प्रकार मनोवांछित अनुकुल हुंदा अवश्यपनि कुनैप्रकार कृतज्ञता-प्रगटगरी हाल्द छ। सोइपरी सुर्य जस्ता उपयोगी- प्राणादायिनि ग्रहलाई आभार व्यक्त प्रत्येक मानवले आफ्नारितिलेनै गर्छ, यो वास्तविक सच्चाई हो। सूर्यले नभूलिविर्सी आफ्नो हित्तकारी प्रभाव संसारलाई यथावत प्रदान गरिबसेको छ। मानव प्राणीले उनको उपकारको अनुभूर्ति गर्दा मानवतानै सम्मानित हुन्छ।यसै प्रकार ओउम, मानव ह्दय देखी निष्कने अविरलगति स्वरहो, जस्लाई नागरिक लिपीमा लेखदा ऊँ लेखिन्छ । यो स्वर शब्दलाई कुनैपनि भाषामा लेखन सकिन्छ। मानव प्राणीले आफ्नो चैतन्य अवस्थामा प्रत्येक स्वासको संग यस ऊँ शब्द अनायासै उच्चारित गरिबस्छ जस्को आभास व्यक्ति स्वंयलाई ज्ञान हुंदैन। मानव रचनामा शारीरिक स्वरनली (Vocal cord) निर्माणमा कुनै भेदभाव छैना, अत: स्वरनलिलेमा नै शब्दको उच्चारण यथावत गरिबस्छप्रकृतिले मानव प्राणीलाई ऊँ स्वर शक्तिका रूपमा प्रदानगरेका छन जस्लाई बुझन चिन्न मानवले भ्रान्तिवश सकेको छैनन । जस कसैले यसलाई बुझे उहांले शारीरिक मानसिक अनि आध्यानित्मक लाभ प्राप्त गरे। मानवले भ्रान्ति त्यागी सचेत भइ, स्वयंले यो स्वरशक्तिको अनुभूति व्यवहारिक रूपमा गर्नु सक्छन। यस ऊँ शब्दमा थूप्रै शक्तिशाली गुण थूप्रिएका छन। यसले अशान्त मनलाई शान्ति प्रदान गर्दछ।

# सिरियाको गैस आक्रमणको सर्वत्र निन्दा, मर्नेको सङ्ख्या ७२ पुग्यो

**हाए कार्यालय**

**बेरुत 05 अप्रैल ।** सिरियाको इदलिबमा मङ्गलबार भएको विषाक्त ग्यास आक्रमणमा परी मृत्यु हुनेको सङ्ख्या ७२ पुगेको छ । मृत्यु हुनेमध्ये २० जना बालबालिका र १७ जना महिला रहेको अधिकारवादी संस्था सिरियन अब्जर्भेटरी फार ह्युमन राइटसले जनाएको छ । अझै केही व्यक्ति बेपत्ता भएकाले मृत्यु हुनेको सङ्ख्या अझ बढ्न सक्ने सो संस्थाले जनाएको छ । सिरियाली विद्रोहीको प्रभावमा रहेको इदलिब क्षेत्रको खान सेइखुनमा हवाई जहाजबाट विषालु ग्यास प्राहार भएको हो। मङ्गलबार बिहानै भएको रासायनिक आक्रमणको घटनामा सिरियाको सत्तापक्षको सेनाको हात रहेको सिरियन अब्जर्भेटरी फार ह्युमन राइटसले आशङ्का गरेको छ । घटनाको सर्वत्र विरोध भएको छ । देशभित्र कै प्रतिपक्षी दल र अन्य देश तथा अन्तरराष्ट्रिय संघ संस्थाले पनि घटनाको निन्दा गरेका छन् । संयुक्त राष्ट्रसंघ, बेलायत, फ्रान्सले विषालु ग्यासको आक्रमण अमानविय र क्रुर भएको भन्दै निन्दा गरेका हुन्। अमेरिकाले पनि सिरियाको विद्रोही नियन्त्रित एउटा शहरमा भएको विषाक्त ग्यास आक्रमणमा सिरियाली सरकारको हात रहेको आरोप लगाएको छ । अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइट हाउसले उक्त आक्रमणमा बसर अल असदकै सरकार संलग्न रहेकोमा आफू विश्वस्त रहेको जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगै विदेशमन्त्री रेक्स टिलरसनले पनि आक्रमणको चर्को आलोचना गर्नुभएको छ । सिरिया कै प्रतिपक्षी दलले घटनामा राष्ट्रपति बसर अल असद नेतृत्वको सरकारको संलग्नता रहेको भन्दै छानविन गर्न संयुक्त राष्ट्रसंघ सँग आग्रह गरेको छ । त्यसैगरी फ्रान्सले यसबारे सुरक्षा परिषदमा छलफल हुन जरुरी देखिएकोले तत्काल बैठक बोलाउने राष्ट्रसंघलाई आग्रह गरेको छ । घटनालाई घृणास्पद भन्दै फ्रान्सले घटनाको निन्दा गर्दै कुनैपनि राष्ट्र चुप रहनु वा खुम्चिनु नहुने जनाएको छ । यद्यपि सिरियाली वरिष्ठ सैनिक अधिकारीले घटनामा सेनाको संलग्नता नरहेको बताएका छन् ।

# नातिको न्वारान

" के समाचार ल्याइस् हँ?"

"आत्तिन परेन, बिस्तारै भनम्ला।"

"त्यति भन्नलाई पनि के को मान खोजेकी होली यो आइमाईले।"

"मानै खोजेको भने पनि हुन्छ, हजुरबा हुनुभयो क्या तपाई। आज बिहान पाँच बजेर बीस मिनेट जाँदा नाति जन्मिएको हो अरे। नर्सले भन्दै थिई। बुहारीको लागि तात्तातो दूध र नातिको लागि केही पुराना लुगाफाटा लिन पो आएकी हुँ त! छिट्छिटो गाई दुहुनोस्। बेर भयो।"

"निकै राम्रो समाचार पो ल्याइस् त। अघि तँ पनि त हजुरमा भइस्। हा..हा..!!"

"कुरै मात्र छाँट्ने हो कि क्या हो? नातिका ग्रहदशा हेराउनु पर्‍यो, न्वारान कहिले गर्ने हो, नाउँ जुराउनु पर्‍यो....धेरै काम छन्। जानुस् पण्डितकाँ छिट्टो।"

"जानै पर्‍यो नि, हजुरबा भएपछि"–भन्दै एकछिन्मा तम्तयार भएर गाउँ कै मन्दिरका इलामे पण्डितलाई भेट्न मन्दिरतिर लाग्छन्।

"साह्रै राम्रो लाग्यो नाति जन्मेको समाचार सुनेर। छोराको बिहे भएको अस्ति भर्खर जस्तो लाग्छ। मेरै हातले बिहे उम्काइदिएको थिएँ। समय जान कति बेर! हैन र कृष्णप्रसादज्यू? अँ... समय चैं आज बिहान पाँच बजेर बीस मिनेट भन्नु भयो क्यार"–भन्दै पात्रो पल्टाउँछन् र एउटा पातोमा चोर औंलो टेकाउँदै–"अँ... कन्या राशि... हस्ता नक्षत्र... अनि राशिका स्वामीचैं बुध परे...। कन्या राशि भन्नाले नाउं चैं "पू" बाट पूर्णप्रसाद राखे हुन्छ। तर, तपाईहरूले यसै अक्षरबाट आफूले मनपराएका नाउँ राखे भयो। अरू सबै ग्रहदशा एकदमै राम्रा छन्। कसैलाई पीरेको छैन, चिन्ता गर्नु पर्दैन" भन्दै पात्रो थन्काउँछन्।

"हजुरले राखेको नाउँ मन पर्‍यो। नातिको नाउँ पूर्णप्रसाद नै हुने भयो। अनि... नतिाको न्वारान पनि हजुरकै हाताबाट उम्क्याई दिनु पर्‍यो। न्वारानमा चाहिने सर्जाम नातिको इलामे पण्डित एकछिन् घोरिन्छन् र एउटा कागजको टुक्रामा न्वारानमा चाहिने सर्जामको सूचि दिंदै–"आज देखि ठीक एघार दिनको बिहान 6 बजे म आउने छु। सबै तयार पारेर राख्नु होला।"

" लौ है... रेखी हाल्न पर्‍यो, अलिकति पीठो चाहियो। पूजाका सबै सरसामान तैयार छन् भने ल्याए भयो। शुभकाममा ढिलो नगरौं।"

"यति बिहानै पो आउनु भयो त पण्डितज्यू। 6 बजे आउने कुरो पो थियो! अन्तै पनि जान परेछ क्यार"–भन्दै कृष्णप्रसाद ढुंगेलकी श्रीमती बाहिर निस्किन्छिन्। आँगनमा पल्लो गाउँको डुलुवा पुरेतलाई देखेर एकछिन् अक्मकिन्छिन्। घर लिप्न भनी ल्याएको रातो माटोले डुलुवा पुरेतलाई देखेर एकछिन् अक्मकिन्छिन्। घर लिप्न भनी ल्याएको रातो माटोले आँगनमा सानो वेदी पनि बनाई सकेका रहेछन्। "ए.... इलामे पण्डितबाजे कतै जानपर्ने भएछ र यिनलाई न्वारान गरिदिनु भन्नु भएछ" भन्दै भित्र पस्छिन्। "उता पूजाका सरसामान तैयार छन्"... भन्ने कुरा सुनेर कृष्णप्रसाद ढुंगेल जुरूक्क उठेर भित्तेघडीतिर हेर्छन्। पाँ बज्न पन्ध्र मिनिट बाँकी छ। कतै इलामे पण्डित त आएनन्! 6 बजे आउने कुरो पो थियो भन्दै दैलोको चरदेखि बाहिर हेर्दा पल्लो गाउँको डुलुवा पुरेतले आँगनमा उभिएर बिंडी सुर्क्याइरहेको देख्छन्। "यति बिहान के कामले आएका होलान् यिनी? श्रीमतीसित बुझ्नु पर्‍यो"– कुरा भन्दै फरक्क फर्केका मात्रै थिए उताबाट श्रीमतीले सूपोमा पूजाका सामान र पीठो लिएर आउँदै गरेको देख्छन् रे छेवैमा गएर सुस्त भन्छन्–"के तमाशा गरेकी होस् हँ? तैंले त यिन्लाई पो बोलाएको ग्रहदशा हेर्न हैं? अब 6 बजे इलामे पण्डित आएपछि उनलाई के जवाफ दिने?" आइमाई मान्छे धेरै जान्ने भएभने यस्तै हुन्छ भन्दै मुर्मुरिन्छन्।

श्रीमानको यस्तो कुरा सुनेर बाहिर नसुनिनेगरी सुस्त भन्छिन् –"मैले किन बोलाउने यिन्लाई? नबाउतिरका, न आमातिरका। मैले त सोचेकी थिएँ इलामेबाजेको कतै जान पर्ने भएछ र तपाईले यिन्लाई बोलाउनु भएको रहेछ। मलाई किन आँखा देखाउनु भएको?"

–" आ..मैले किन बोलाउने?" भन्दै कृष्णप्रसाद झोंक्किन्छन्। एकछिन् दुवै चुप्प लाग्छन्। यत्तिमै कृष्णप्रसाद ढुंगेलले भन्छन्–हेर बूढी! अब कुरो त बिग्रिहाल्यो। दुवैलाई न्वारान गरिदिन भन्नु पनि भएन। यसो गरे गाउँघरकाले " जाबो न्वारानमा पनि दुइटा पण्डित राखेर हामीलाई देखाएको" भन्छन्। कुनै एकलाई त राख्नै पर्‍यो। अब कसो गरौं? श्रीमती ढुंगेलले चिन्ता गर्दै भन्छिन्–"यिनैलाई नातिको न्वारान गरिदिन भनौं। यदि बिहानै आएर पूजाको वेदी/ यज्ञ बनाएर सबै ठीकठाक पारेका छन्। यस्तो शुभदिनमा कसरी न्वारान नगर भन्ने? यसो सोध्नुहोस् त!"

"अँ... कुरा त ठीकै भनिस्। त्यसो भए जा त्यो सूपो दे। केही उपाय निकाल्नु पर्ला। इलामे पण्डित न आए त कुरो मिलिहाल्छ तर उनी कुराका पक्का छन्, 6 बजे भनेपछि 6 बजे जसरी भए पनि आइपुग्छन्। अब जे भए पनि कुरो त मिलाउने पर्‍यो"– भन्दै घरको पछिल्तिरको चापाकलतिर लाग्छन्। घरका सबै जना पूजाको यज्ञका वरिपरि बसेका छन्। 6 बजेको अघिनै न्वारान सकिने अवस्थामा छ। ठीक 6 बजेर 3 मिनेट जाँदा मन्दिरका इलामे पण्डित कृष्ण प्रसाद ढुंगेलको आँगनमा टुप्लुक्क आइपुग्छन्। उनलाई देखेर कृष्णप्रसादको जीउ ढक्क हुन्छ र घोप्टो मुण्टो लाएर बस्छन्। इलामे पण्डितले सबै देख्छन्। बुझ्छन्। उनी दिन खाएका अनुभवी व्यक्ति थिए। आफ्नो मान–सम्मा जोगाउँदै सहजभावले कुरो मिलाउँदै–" ए. .. यहाँ त सबैं काम भइसकेछ, राम्रै भयो। मेरो अन्तै जाने जरूरी काम पर्‍यो र उता खबर दिएर जाउँ भनेर पसेको हुँ, लौ...म हिंडे"–भन्दै कृष्णप्रसाद ढुंगेललाई प्रश्नसूचक दृष्टिले हेर्दै जवाफ न सुनिकन तगारो नाघ्छन्। कृष्णप्रसादले जवाफ दिनु त के, आँखासम्म मिलाउनु सकेनन् इलामें पण्डितसित। घरका अरू सबै पूजामा व्यस्त थिए। डुलुवा पुरेतको कतै ध्यान थिएन। उनी दूनाटपरा बटुल्नतिर लागेका छन्।न्वारान सकिन्छ। सबै खुशी छन्। कृष्णप्रसाद पनि खुशी नै छन् तर उनको मनमा शान्ति छैन। इलामे पण्डित गाउँकै मन्दिरका पण्डित हुन्। बेलाबखतमा उनको हेराइले स्पष्ट भएको थियो कि उनी रिसाएका छन्। उनलाई कुन तरिकाले मनाइने हो त्यसको चिन्ता गर्न थाल्छन्। एकछिन पछि श्रीमतीलाई आफ्नो सुत्ने कोठामा सुटुक्क बोलाउँछन्। दुबै बसेर निकै बेरसम्म कुरा गर्छन् र एउटा निष्कर्षमा पुग्छन्। मन्दिरमा बेलुकीको आरती सकेर मन्दिरकै छेउको आफ्नो कोठामा गएर इलामे पण्डित चियापानी मसिनो चामल, तीन किलो अरहरको दाल, एक किलो मनोरमा घीउको बत्तल, दुई किलो स्याउ, आधा किलो अंगुर एकजोडी सेतो धोती, एउटा लाम्बाउले सेतो कमेज, एउटा भित्रे सेतो गंजी र 551/- रू सित उनको कोठामा पुग्छन् र पण्डितको छेवैमा दाहिनेतिर राखेर बिहानको सम्पूर्ण घटनाको जानकारी दिन्छन् र दुवैले जम्लाहात गर्दै क्षमा याचना गर्छन्। असली कुरो बुझेपछि र त्यत्रो भेटी छेउमा देखेर उनी फुरूक्क पर्छन्। काँसको बटुकोको चिया सुरूप्प पार्दै–" तपाईहरूलाई दोषी ठहराउने त कुरै भएन, जे हुनु थियो भै गयो। अब यस कुरालाई भुल्नोस्। " पण्डितको कुरा सुनेर कृष्ण प्रसाद दम्पत्ति खुशी हुन्छन् र मन्दिरतिर फर्केर देवी–देउतालाई ढोग्छन् अनि पण्डितबाट बिदा लिएर आफ्नो घरतिर लाग्छन्।

## "हाम्रो एकता"

## को पहिलो अंक जनवरी 1999 सदस्यहरूको जानकारीको लागि



नया-नया आकर्षक डिजाईन एवं सुनको गारंटी
देहरादूनको पुरानो मनपर्ने र भरपर्दो तपाईहरूको दोकान
पाल ज्वैलर्स
(गोरखाली सुधार सभाको छेंउमा)
457/ए, गढ़ी कैंट, देहरादून
दूरभाष : 757365, घर-758768
प्रो0 - हरभजन सिंह सोंधी

भारतीय अखंडताको प्रतीक

हाम्रो एकता

शमशेर एण्ड सन्स
लेडीज टेलर्स एवं ड्रेपर्स
15-ए, राजपुर रोड, देहरादून
नया फैशन एवं डिजाईन हेतु शहरमा मशहूर
प्रो0-अशोक मल्ल
दूरभाष : 650926

प्रवेशांक वर्ष-1 अंक-1 देहरादून जनवरी 1999 संस्थापक एवं प्रधान सम्पादक - नारायण सिंह राना मूल्य-5 रु. वार्षिक-30 रु.

प्रकाशनको स्थापनाबारे दुई शब्द

"हाम्रो एकता"

सर्वप्रथम देहरादून भेखमा अखबार प्रकाशित गर्ने श्रेय ठाकुर चन्दनसिंह लाई जान्छ। तत्पश्चात नेपाली भाषाको मान्यताको माग लाई पहिला पटक उठाउने श्री आनन्द सिंह थापा, शिवसिंह थापा नैशविला रोड, कर्नल कुशल सिंह थापा, कर्नल एच.बी. राई हुन। दार्जिलिंग देखि आयेका श्री बल्लु बराइलुले पनि पत्र-पत्रिका छापने प्रयास गर्नु भयका थिये। अ.भा. नेपाली भाषा समितिले पनि यो भेखमा केही कार्य गरेको छ।

परन्तु गोरखा "एकता सम्मेलन" बुलेटिन को 22 अंक जनवरी 1993 देखि 1998 सम्म प्रकाशित भयो। बोलचालको सरल भाषा एवं आफ्नो समाजको खोज-खबरको विषय हुनले यो लोकप्रिय हुँदै गयो। यस लाई पत्र-पत्रिकाको रुपमा नियमित छापौं भनि सर्वेक्षण गराउंदा भारी संख्या मा पाठकगणहरुले तल लेखियेका नाउं हरुको सुझाव पठाए :

खलंगा संदेश, गोरखा समाचार, मूगंरो, 'हाम्रो एकता', गोरखा जागरण, हाम्रो सभ्यता, गोरखा एकता, गोरखा एकता पत्रिका, गोरखाली पत्रिका, गोरखा संदेश, खुकुरी, गोरखा, मेरो चिनारी, एकता, मेरो विचार, गोरखा वाणी, गोरखाली दृष्टि, हाम्रो दृष्टि, दून वीर, दून वसुंधरा, आवाज, उत्तरांचल प्रहरी, गढ़ गोरखा, गोरखा भारती, गोरखा तारा आदि-आदि।

प्रकाशन अवधि : धेरै ले मासिक हुनु पर्छ भने।

आम पाठक हरुले खबर खोज्द छन र हरेक कार्यकर्ताले आफ्नो कार्यको प्रचार-प्रसार मांगछ।

यो धारणालाई मद्देनजर, राखी गोरखा एकता सम्मेलन बुलेटिनको सट्टामा विशुद्ध खबर कागतको रुपमा समाचार पत्रिका द्विमासिक प्रकाशन गर्ने भनि मुनि लेखेको महानुभाव हरुले कमर कसेका छन।

प्रकाशक : हाम्रो एकता प्रकाशन।

शेष पृष्ठ 8 मा .....

दिवंगत प्रिंसीपल गजेन्द्र सिंह थापा

एउटा सम्झना

तिहारको न बिर्सने सम्झनालाई अश्रुपूर्ण आंखा हरुमा सगालेर 20 अक्तूबर 1998 को बिहान 2.30 बजे बहुमुखी प्रतिभाको धनी, देहरादून भेखको प्रथम गोरखाली प्रिंसीपल अनि सौम्य प्रफुल्लित, सधैं उत्साहित रहने बानी भयको लोकप्रिय समाजसेवी श्री गजेन्द्रसिंह थापा ज्यू ले यस संसार लाई 'लौ हई बस' भन्नु भयो। उहां 72 वर्षको हुनु हुन्थ्यो।

तेश्रो गोरखाका लैफ्टिनेंट भीम बहादुर थापा ओ.बी.आई. सरदार बहादुर अनि गवर्नर आफ ओड़िसा एंड बिहारको ए.डी.सी.को सुपुत्र श्री गजेन्द्र सिंह थापाको प्रारम्भिक शिक्षा उहांको जन्मस्थान अल्मोड़ामा भयेको हो। पिता सैनिक हुनले उहांले किंग जॉर्ज स्कूल जालंधरमा पनि शिक्षा पाये।

शेष पृष्ठ 8 मा .....

# जलियांवाला बाग हत्याकांड

## पंजाब अमृतसर 13 अप्रैल 1919

**ले.कर्नल बी.एम थापा (अ.प्रा.)**

1919 मा जलियांवाला बागमा भारी नरसंहार भएको कारण भारतीय इतिहासमा जलियांवाला बाग एउटा प्रसिद्ध नाम अनि ठाउं बनेको छ। जलियांवाला बाग भारतको पंजाब प्रदेशको अमृतसर शहरमा स्थित एउटा सार्वजनिक उद्यान हो। यस ठाउंमा शांति प्रिय जनताहरूको समझनामा एउटा स्मारक बनाइल्को छ जो एउटा महत्वपूर्ण एवं प्रसिद्ध राष्ट्र स्मारकको रूपमा प्रख्यात छ। जलियांवाला बाग हत्याकांड व अमृतसर नरसहार- यहांको जनताको लागि एउटा दुखद घटना थिए जस्लाई आज पनि अमृतसरमा बनेको स्मारक द्वारा नरंसहारमा मारिएकाहरूलाई याद गरिन्छ। यसको स्थापना पहिला फेरा 1951मा उनीहरूलाई सझना गर्नु निम्ति भएको हो। त्यस दिन अर्थात 13 अप्रैल 1919को दिन जलियांवाला बांगमा पंजाबी नया साल अनि पंजाबी संस्कृतिको सबै भन्दा प्रसिद्ध उत्सव मनाउनको लागि धेरै जस्तो स्त्री पुरूष बालकहरू जम्मा भएका थिए। जलियांवाला बाग स्मारक- औपनिवेसिक ब्रिटिस राज सूत्रहर द्वारा सूचित गरिएको थियो कि करीब 379 मान्छेहरू मारिएका थिए अनि 1100 जती घायल भएका थिए। जब कि एउटा सिविल सर्जन (डॉ स्मिय) को अनुसारको अनुमान लगाएको थियो कि 15 प्रतिशत मान्छेहरू घाइते भएका थिए तर सही आंकड़ा आज सम्म पनि थाहा लागेको छैन। लगभग 6.5 एफड अर्थात 26000 वर्ग फुटमा स्थित जलियांवाला बाग स्वर्ण मंदिर परिसरको छेवैमा छ जो सिख धर्म मानेनहरूको औधि पवित्र स्थान मानिन्छ। जलियांवाला बाग हत्याकांडको ठाउंमा स्मारक बनेको छ जो जलियांवाला बाग राष्ट्रीय स्मारक ट्रस्ट द्वारा स्मारकको हेरचार गरिन्छ। 13 अप्रैल 1919 आइतवार को क्रांति रोक्नको लागि जनरल डायरले समाहरूमा पहिलै रोक लगाएको थियो तर सबैलाई यो रोकको थाहा थिएने जलियांवाला बाग धेरै मान्छेहरूको भीड़ थियो यस दिन सिख धर्मको बैशाखी उत्सव थियो। उत्सव मनाउनुको लागि गाउं घरका मान्छेहरूको भीड़ धेरै थियो। जसै जनरल आर.ई.एच. डायरलाई जलियांवाला बागमा सभा हुने खबर पायो उसले 50 जना गोरखा, बंदुकध ारीहरू संग उहां आयो अनि आउंदै साथ भीड माथि गोली चलाउने आदेश दियो। सैनिकहरूले 10 मीनट सम्म 1650 राउंड गोली निर्दोष मान्छेहरू माथि चलाई राखे। जब सम्म सबै गोली खतम भएन। ब्रिटेनमा पूरा बिटिश साम्राज्यको डायर हीरो बन्यो हांलाकि हाउस आफ कॉमन्समा उसको काफी आलोचना पनि भयो। यस कारणले डायरलाई ब्रिटिश सरकारले जुलाई 1920मा जबरदस्ती सेवानिवृत गरी दियो। प्राण घाती नरसंकार ब्रिटिश सेनाको पुनर्मुल्याकन गर्ने ठुलो कारण बन्न गयो। जस्को पश्चात न्यूनतम टुकडीको नया निति वन्यो जस्मा सैनिकहरू ठुल-ठुलो भीड़लाई नियंत्रित गर्ने उचित तरीका बताइयो। जलियांवाला बाग हत्याकांड (1) अमृतसर नरसंहारको रूपमा प्रसिद्ध छ किन भने यो पंजाब राज्यको अमृतसर शहरमा घटित भएको थियो। यस हत्याकांड लाई भारतमा अंग्रेजी शासनको दौरान भएको सबै भन्दा खराब घटना हरूमा न.1को रूपमार मानिन्छ। त्यस दिन धेरै भीड़ यस लागि पनि थियो कि भारतीय स्वंतत्रता आंदोलनका दुवैटा नेता सत्यपाल र सैफुद्दीनको गिरफ्तारी को विरोध गर्न अंहिसक जनताहरू पनि आएको थिए। 11 अप्रैलमा जलन्धर कैन्ट बाट डायर त्यांहा आइ पुगेको अनि पुरा शहरलाई आफ्नो कब्जामा ली सकेको थियो। ब्रिटिश सरकारको यस हिसंक कार्यवाहीले सबैलाई अचम्ममा पार्‌यो। यस नरसंहार पछि अंग्रेजी हुकुमत को नियत बाट भारतीय जन मानसको भरोसा टुटन गयो र मान्छेहरूको मन 1920-1922को असहयोग आन्दोलन तिर लग्यो। अमृतसरको जलियां वाला बागमा पंजाबको लेफ्टि. गवरनलाई एउटा ठुलो क्रांति हुने उम्मीद थियो। जहां 15000 भन्दा बढ़ि मान्छेहरू उत्सव मानउनु भेला भएका थिये। भारतीय स्वंतत्रता आंदोलनका नेताहरूको योजनाहरूलाई दबाउन र समाप्त गरी दिने, अमृतसरको नरसंहार एउटा प्रतिक्रियाको रूपमा थियो। सत्यपाल र सैफुद्दीन किचलु दुवैटा प्रसिद्ध भारतीय स्वंतत्रता आंदोलनका नेताहरूलाई छुड़ाउनुको लागि 10 अप्रैल 1919को दिन अमृतसरको डिप्टी कमिश्नर आवासमा भारतीय स्वंतत्रता आंदोलनका नेताहरू द्वारा विरोध अनि मांग हुंदै थियो। यो गिफ्तार गरिएका ती नेताहरू थिए जस्लाई बादमा कुनै गुप्त स्थानमा पठाउने सरकारको योजना थियो। सत्यपाल र सैफुद्दीन किचलु गांधीजीको सत्याग्रह आंदोलनमा पनि भाग लिएका थिए। 11 अप्रैलमै एउटा इंग्लिश मिशनरी शिक्षक मिस मारसेला शेरउडलाई भीड़ले पकडेर पीटेको थियो। बादमा उसलाई भारतीयहरूले र एउटा छात्रको पिताले बचाएको थियो। अमृतसरमा क्रांतिकारीहरूले रेलवे पटरी, सरकारी कार्यालय, भवन, टेलीग्राफ कार्यालय आदिलाई बेसरी नुकसान पुराएका थिए। यस क्रांतिको फलस्वरूप 13 अप्रैलमा ब्रिटिश सरकार द्वारा पंजाबमा मार्शल कानून घोषित गरी दिएको थियो। यस दौरान नागारिकहरूको अधिकार सभा गर्ने अधिकारलाई (4 भंदा धेरै मान्छे एउटा ठाउमा जम्म न हुने) पूर्ण तरीकाले लागेको थियो तेहि दिन अर्थात् 13 अप्रैलमा सिक्ख धर्म माननेहरूको पारम्परिक त्यौहार बैशाखी थियो। हिन्दु-मुस्लिम सिख आदि अमृतसरको हरमेन्द्रर साहेबको छेउमा जलियांवाला बागको सार्वजनिक उद्यानमा भेला भएका थिये। सभा शुरू पनि भएको थिएन जर्नल डायर आफ्नो मान्छेहरू लिएर आई पुगे। उनिहरू 303ली-इनफिल्ड, बोल्ट एक्शन राईफल र मशीन गन संग लैस थिए। सैनिकहरूले पूरा मैदानलाई चारै तर्फ बाट घेरी हालेका थिए अनि बगैर चेतवनी दिएर जनता माथि गोली बरसाउन शुरू गरि हाले। बादमा क्रूर डायरले सफाई दिंदै भन्यो कि यो कार्यवाही ता अवज्ञाकारी भारतीय हरूलाई सजा दिनको लागि थियो। भीड़लाई तितर-बितर गर्नुलाई थिएन। गोलीको आवाज सुनेर मान्छेहरू ऐता-उती भाग्न थाले तर जनताले त्यहा बाट निस्कने ठाउं पाउनु सकेनन केनभने त्यहा ठाउं पुरा तरिकाले फौजले घेरेको थियो। स्वयंलाई बचाउनुको निम्ति धेरै जसो मान्छेहरू छेउमै रहेको गहिरो इनारमा फाल हाल्न मजबूर भये। बादमा एसै इनार देखि 120 मान्छेहरूको लाश निकालेका थिए। जलियांवाला बागको प्रतिपुष्टि- यो घटना घटी सकेर ब्रिटिश जर्नल डायरले क्रांतिकारी सेनाले गरेको मुकाबला बारे आफ्नो विशिष्ट अधिकारीलाई रिपोर्ट दियो अनि तेस पछि एउटा टेलिग्रामको द्वारा ले.गवर्नर माइकल ओ ड्वायरको द्वारा यो घोषित गरियो कि तीमिले गरेको कार्यवाही सही थियो। अनि ले.गवर्नरले यसलाई स्वीकार गर्छ भन्यो। माइकल ओ ड्वायरले पनि अमृतसर र आस-पासको इलाकामा मार्शल कानून लागू गरि राख्ने निवेदन गरेको थियो। यसलाई बादमा बाइसरॉय चेम्सफोर्डले स्वीकृति दिएको थियो। यसकुराको विंस्टन चर्चिलले पनि आलोचना गरेको थियो अनि यसको लागि उनिले 8 जुलाई 1920मा हाउस ऑफ कामन्समा बहस गरेका थिये उहाले भन्नुभएको थियो कि लाठीलाई (लउरो)छाडेर भीड़ संग कुनै हथियार थिएन। कतै पनि कोसैको माथि हमला भएको थिएन त्यहां जब तितर-बितर गर्नुको लागि उनिहरूले गोली चलाए त मान्छेहरू एता-उता भाग्न लागे ट्रफलगार स्क्वायर भंदापनि सानो ठाउंमा उनिहरूलाई जम्मा गर्‌यो जहां उभिन पनि राम्रो सीत सकेका थिएन सबै एकैसाथ बंधिएको जस्ता थिए। त्यस लागि एउटा गोलीले 3-4 मान्छेलाई मार्‌यो। मान्छेहरू पागल जस्तो एता-उता भाग्दै रहे जब गोली बीचमा चलाउने आदेश भयो त सबै मान्छे किनारा तीर भाग्नलागे, उसको पछि किनारा तीर गोली हान्ने आदेश हुंदा मान्छेहरू भुंइमा सुति गये तर फेरी गोली भुंइमा चलाउने आदेश भयो। यो सिलसिला लगातर 10 मिनट सम्म जारी रह्‌यो जब सम्म गोली बारूद समाप्त भएन। जलियां जलियांवालाबाग स्मारकको स्थापना अमृतसर नरसंहारको पछि जलियांवाला बाग तीर्थस्थानको एउटा राष्ट्रीय स्थल बन्न गयो शहीदहरूको स्थापना नरसंहारको ठाउंमा स्मारक बनाउनुको लागि मदनमोहन मालवीय ज्यूले एउटा कमेटीको निर्माण गरे। स्मारक बनाउनुको लागि 1 अगस्त 1920मा 5,60,472 रूपया लगाएर राष्ट्रले जलियांवाला बाग प्राप्त गर्‌यो हांलाकि स्मारकको निर्माण देशको आजादीको बाद 9,25,000 रूपयेमा भयो। यसको नाम 'अग्नि की लौ' राख्यो। जस्को उद्घाटन 13 अप्रैल 1961मा भारतको प्रथम राष्ट्रपति डॉ. राजेन्द्र प्रसादको बाहुलीबाट भयो। स्मारकको 4 वटै स्तंभ माथि हिन्दी, अंग्रेजी, पंजाबी र उर्दूमा "13 अप्रैल 1919, शहीदों की याद में" लेखिएको छ।

लेखक- देहरादून पूर्व सैनिक यूनियन अनि सर्विसेजका वरिष्ठ उपाध्यक्ष हुनु हुन्छ।

## सोचेर, सम्झेर मात्र वोट गरौं

अल्झेको, इतिहास,
अन्धकारमय भविष्य
शिक्षा प्रणाली
भटकेको नेतृत्व, थाह छैन्
कस्ले रच्यो यो चक्रव्यूह।
यो चक्रव्यूहलाई तोड्नुलाई
जति प्रयास गरियो
उति नै टुट्यो आम मान्छे।
दुनिया अगाड़ी गई रहेछ
हामी पछाड़ी नै छौं,
सम्झीन गाहरो छ,
कसलाई दिने दोष।
जो बिरूवा लगाएको थियौं हामीले,
आज त्यौ लहलह भई रहेको छ।
आऊ गरौं वचन,
सुधार्न छ भविष्य
बचाउनु छ इतिहास।
बन्नु पर्छ अर्जुन
तब टुटछ चक्रव्यूह
अरूमाथि न गरौं विश्वास
विश्वास आफैमा पहिले गरौं,
त्यहीकारण-सोचेर, सम्झेर मात्र
ईमानदारीले वोट गरौं वोट गरौं ।

### भारतीय कराटे टीमले 3 वटा सुनको समेत 11 मैडल जीते

नई दिल्ली 18 अप्रैल। भारतीय कराटे टीमले अमेरिकाको लास बेगासमा 12देखि 16 अप्रैल सम्म भएको यू.एस. कराटेमा तिनौटा सुनको दुवैटा चांदीको अनि 6 वटा कांसाको तकमा जितको छ। वर्षेनी हुने यस प्रतिष्ठित कराटे चैम्पियन शिपमा 42 देशका 2374 प्रतिभागीहरूले हिस्सा लिएका थिए। भारतीय टीमको अगुवाई विश्वका प्रतिष्ठित सार्शल आर्ट खिलाड़ी गुडगांवका सेनसेई यशपाल सिंह कल्सीले गरेका थिये उहांले गतवर्ष सुनको मेडल जितेका थिए। यस पाली कास्य पदक जितनु भयो।

### साहित्य

साहित्य हो जातीय जीवनको पथ प्रदर्शक। साहित्यले अगुवा भएर हामीलाई लै जान्छ कर्तव्य औ विचारको सर्वोच्च टाकुरामा। साहित्यले हामीलाई पूर्खाहरूको कीर्ति र यशको याद गराउँदै जातिको पुष्ट पोषण गर्छ, जातिलाई, दृढ र सुसंगठित तुल्याउँछ। साहित्यले हामीलाई स्वदेशको महिमा जनाएर देशका चराचुरूंगी, फलफूल, लतावृक्ष, हावा पानी आदिमा हाम्रो प्रेम उमारेर जातिलाई स्वदेशाभिमानी, देशभक्त औ कर्तव्यनिष्ठ बनाउँछ। प्राचीन इतिहासका आदर्श हाम्रो साम्ने राखेर साहित्यले जातिलाई उँभो लैजाने मार्ग देखाइदिन्छ।

# देहरादून लिम्बू ऐसोसिएशनको 20औं स्थापना दिवस समारोह साथै त्रिवार्षिक आम चुनाव

देहरादून 22 जनवरी 2017मा देहरादून लिम्बू एसोसिएशन (याक्थुडं चुमलुंड)ले आफ्नो 20औं स्थापना दिवस "गोरखाली सुधार सभा" गढ़ी कैन्टमा बड़ा धुमधाम साथ मनायो। संगठनको सचिव श्री पी.डी. लिम्बूज्यूले समारोहमा उपस्थित महानुभावहरूलाई अभिवादन साथ संगठनको तरफ बाँट सबै अतिथिगणहरूलाई स्वागत गर्नु थियो। साथै विगत वर्षमा स्वर्गवासी हुनु भएका पूर्व सदस्यहरूलाई श्रद्धाँजलि अर्पित गर्नु निम्ति सबै उपस्थित वर्गहरूलाई विनम्र अनुरोध गर्दै आ–आफ्नो ठांउमा दुई मिनटको निम्ति उभी दिनु भनी आग्रह गर्नु भयो। सर्वप्रथम समारोहको प्रारम्भ मुख्या अतिथि मेजर (रि.) श्री बी.बी.लिम्बूज्यू साथै विशिष्ट अतिथि कर्नल (रि.)के. एस मल्ल वी.एस.एम कर्नल (रि.) बी.एस.क्षेत्रीज्यू श्री एल.बी. गुरूंगज्यू आदिहरूले द्वीप प्रज्वलित गर्नु भयो। संगठनका अध्यक्ष श्री टी.बी. लिम्बूज्यूले अतिथिहरूलाई खादा ओढाई स्वागत गर्नु भयो। साथै मुख्य अतिथि मेजर (रि.) श्री बी.बी. लिम्बूज्यूले बयोबृद्ध सदस्य श्री दौलत सिंग लिम्बूज्यू र श्रीमति सुशील लिम्बूज्यूलाई शाल भेट गर्नु भो। पुन: एक पल्ट सचिवज्यूले सबैलाई अभिवादन साथ स्वागत गर्दै नववर्ष अंग्रेजी र याक्युंडबाहरूको माघे सक्रांती बाट नया वर्ष आरम्भ भएको दुवैलाई एकै चोटी शामिल गरी नव वर्षको शुभकामना टक्राउनु (दिनु) भयो। सचिवज्यूले छोटकरीमा लिम्बूहरूको परिचय यस्तरी दिनु भयो। किराँतहरू माझ "लिम्बू जाति" आफ्नो छुटै पहिचान भयेको जाति मानिन्छ। लिम्बूहरूको मूल थलो नेपालको पल्लो किराँतलाई मानिन्छ। भारतमा दार्जिलिंग सिक्किम (नेपालको अरूण) देखिन भारतको टिस्टा नदीको पहाड़ी भागनै लिम्बूहरूको मूल थलो मानिन्छ। यसका साथै डुवर्ष, आसाम, मेघालय, नागाल्याण्ड, मनीपुर, उत्तराखण्ड र अन्य राज्यहरूमा पनि उल्लेखनीय संख्यामा बसोबास गर्द छन, अनि भन्नु भयोकि हामीले आफ्नो धर्म अनि भाषा मासनु हुदैन। धर्म:– लिम्बूहरूले प्रकृति धर्म मान्दछन, आफ्नो परम्परागत धर्म शास्त्र मुन्धुम अनुसारनै आफ्नो धार्मिक र अन्य संस्कार समपन्न गर्छन। हिज आज हिंदु, बोद र अन्य धर्मको बडदो प्रभाव बाट आफ्नो परम्परा संस्कृति र धर्म जोगाएर राख्नुमा लिम्बू जाति अग्रणी मानिन्छ। लिम्बूहरूको धर्मलाई युमासान मनिन्छ र सत्यहाङमा पनि पुकारिन्छ। कारणके हो भने लिम्बूहरूको आदि शक्ति युमा र आदि देवता थेबा हुनु हुन्छ। इतिनहरूले एउटा ईश्वर (तागेरा) निवाफुमाड़गलाई मान्दछन। लिम्बूहरूले मूर्ती पूजा गर्दैनन।भाषा:– लिम्बूहरूले आफुलाई याक्थुङबा र भाषालाई साक्युङबापान भन्दछन। भाषाको लोप भयो भने जातिको विलोप हुन्छ अरे र यो कुरा हाम्रो सन्तानहरू माथि देखा पर्दै छ। र अन्य जातिमा भाषा र संस्कृतिको हमला बुझनु पर्‍यो। सबैलाई अनुरोध छ कि अन्य भाषा बोले–सिके राम्रोहो अनि समयनुसार आवश्यक पनि छ तर आफैलाई बिर्सिन होइना। श्री के.एस. लिम्बूज्यूले पनि आफ्नो सम्बोधनमा आफ्नु रिति–थिति संस्कार र भाषालाई दैनिक व्यवहारमा ल्याउने हो। हाम्रो पुखीहरूले हामीलाई हाम्रो चिनोको लागी भाषा, लिपि, संस्कृति बनाई छोडको छ। यसलाई जीवित राख्नु र सम्मान बनाई राख्ने कर्त्तव्य हाम्रो हो। आजको हाम्रो प्रयासलाई हाम्रो बाल–बालिकाहरूले बुझेर पच्छाई राख्ने हो। यसै गरि हाम्रा साखा: सन्तानहरूलाई यस प्रति प्रेरित गर्नु पर्छ अनि मात्र हाम्रो जाति र चिनो बाँची रहने छ। यस पछि नानीहरूले सांस्कृति प्रोग्राम गरी सबैको वाहवाही र थपडी बटुले। जसमा भाग लिने कलाकारहरू यस प्रकार छन। कुमारी तृष्णा सुब्बा, अक्कु, अनुष्का, सरगम सुब्बा, रोशन, टवींकंल, सुषमा, प्रीति, पायल, कोमल, सुब्बा, ज्योत्सना सुब्बा र अभिलाष, आदित्य, सिद्धान्त, रजत आदि। यस पश्चात सांस्कृति कार्यक्रममा भाग लिने बाल कलाकारहरूलाई पुरूषकार र छात्र–छात्राहरूलाई छात्रवृत्ति वितरित गरियो। यस पछि आजुको मुख्य अतिथि मेजर (रि.) बी.बी लिम्बूज्यू र कर्नल (रिं)श्री के.एस. मल्ल, वी.एस.एम कर्नल (रि.) बी.एस. क्षेत्री र एल.बी.गुरूंगज्यूले पनि संगठनको महत्व र आवश्यकता बोर आ–आफ्नो विचार राख्नु भो। अन्तमा संगठन का अध्यक्ष श्री टी.बी.लिम्बज्यूले मुख्य अतिथि तथा अन्य आमन्त्रित पहुनाहरूको आ–आफ्नो अमुल्य समय दीई समारोहमा शामिल भई शोभा बढ़ाई दियेकोमा आभार व्यक्त गर्नु साथ–साथै धन्यवाद टक्राउनु भयो। साथै आँउदो वर्ष फेरी यस्री नै भेट हुनु पर्छ भन्दै आजको समारोह समाप्तीको घोषणा गर्नु भयो। साथै आम चुनावको लागि वर्तमान कार्यकारिणीलाई भंग गर्ने घोषणा गर्नु भयो। संगठन को त्रिवार्षिक आम चुनाव– संगठनको "कार्यकारिणी समितिको चुनाव आज मिति 22 जनवरी 2017मा चुनाव अधिकारी श्री एल. बी. गुरूंग (अधिवक्ता)ज्यूको अध्यक्षतामा विधिवत समपन्न भयो। जस्मा अध्यक्ष श्री टी.बी. लिम्बूज्यूले सभामा उपस्थित सदस्यहरू द्वारा सर्वसम्मतिले प्रस्तावित सदस्यहरूलाई निर्विरोध चुनिनु भयेको घोषणा गर्नु भयो। उहांको नाम र पद यस प्रकार छन।

| क्रम.स. | नाम | पद |
|---|---|---|
| 1. | श्री गोपाल लिम्बू | अध्यक्ष |
| 2. | श्री रतन बहादुर लिम्बू | उपाध्यक्ष |
| 3. | श्री नरेन्द्र कुमार लिम्बू | मूल सचिव |
| 4. | कु.पूजा सुब्बा | उप सचिव |
| 5. | श्री एम.बी.लिम्बू | कोषाध्यक्ष |
| 6. | श्री बी.बी. लिम्बू | क्षेत्रीय कार्यकर्ता |
| 7. | श्री भूपेन्द्र लिम्बू | क्षेत्रीय कार्यकर्ता |
| 8. | श्री पी.बी. लिम्बू | क्षेत्रीय कार्यकर्ता |

# सुकमामा सी आर पी एफ का 25 जवान शहीद

**हाए कार्यालय**



छत्तीस गढ़ को सुकमा जिला मा सोमवार 24 तारीख नकसली हरूले घात लगायरा हमला गरेको मा 25 जवानहरू शहीद भय । यस बाट 8 जना जवान घायल पनि भएका छन जस मध्य चार जनाको हालत गम्भीर बने को छ नकसलीहरूले जवान हरूको हथियार पनि लूटे र लगे। बसतर का डी.आई.जी सुन्दर राज पी ले बताय अनुसार सुकमा जिला को चिन्ता गुफा खाना क्षेत्र अन्तरगत बुर्कापालमा सी आर पी एफ को 74 औं बटालेन को बेस कैंप छ जस्को छेऊमा चिन्तल नार और तौरन पाल स्टेट हाईवे बनी रहे को छ यस को सुरक्षाको लागि दुवैटा कम्पनि बिहान सुरक्षाको लागि रवाना भयका थिए। 12 बजे पछि जवानहरू खाना खानुको लागि जसै बसेका थिए। नकसलीहरूले अचानक हमला गरिदिए। हमलाको जवाब जवानहरूले दिए। दुवै बाट करीब 3 तीन घंटा सम्म मूठभेड चाल्यो घायल जवानहरूलाई हेलीकोपॉटरले रायपुर ल्याइयो यहांको दुवैटा अस्पतालमा उनीहरूको इलाज चली रहेको छ। सुत्रहरूको अनुसार अहिले पनि सात जना जवानहरू लापता छन जस मध्य एउटा कम्पनि कमॉडर पनि छ यस हमला मा महिलाविंग की टुकड़ी पनि शमिल पनि शामिल थिए । ए के 47 लिएकी महिला नकसली धेरै आक्रामक थिये अनि लगातार गोली हानि रह का थिए। साथै जवानहरूलाई गालीहरू पनि बकी रहेका थिए। **यी जवानहरू शहीद भये:**–इंस्पेक्टर रघुवीर सिंह, गांव संठीला, अमृतसर पंजाब, एएसआई संजय कुमार गांव छाछ्न पालमपुर कांगड़ा हिमाचल प्रदेश, एएसआई रामेश्वर लाल, गांव बलीराज पुराश्री गंगानगर राजस्थान, एसआई कृष्ण कुमार दास बकुलतला कूच बिहार पश्चिम बंगाल, एएसआई नरेशकुमार गांव जैनपूर, सोनीपत हरियाण, हेड कांस्टेबल सुरिंदर कुमार गांव नेर चौक मंडी हिमाचल प्रदेश, हेड कांस्टेबल बन्ना राम गांव गोवर्धनपुर सीकर राजस्थान, हेड कोस्टेबल केपी सिंह गांव डांडी एटा उत्तरप्रदेश, हेड कांस्टेबल पद्मनाभमा गांव अविचाकुड़ी संथजवौर तमिलानाडु, कांस्टेबल नरेश यादव गांव अहिला दरभगां बिहार, कांस्टेबल सौरभ कुमार दानापुर कैंट पटना बिहार, कांस्टेबल अभय मिश्रा गांव तुलसी भोजपुर बिहार, कांस्टेबल बनमाली राम गांव धौरासंड जसपुरछत्तीसगढ़, कांस्टेबल नारायण पीडो सोनकर गांव गंगात्रिकाला रीवा मध्य प्रदेश, कांस्टेबल कृष्ण कुमार पांडेय गांव भरंदुआ रोहतास बिहार, कांस्टेबल बिनीय चंद्र बर्मन अथरा नाला कूच बिहार पश्चिम बंगाल, कांस्टेबल पी अलगुपंडी गांव मुथुनागयापुरम मदुरइ तमिलनाडु, कांस्टेबल अभय कुमार गांव लामा वैशाली बिहार , कांस्टेबल सेथिल कुमार निदामंगलम त्रिरवरूर तमिलनाडु, कांस्टेबल एनकथीरू मुरगन सेलम तमिलनाडु, कांस्टेबल रंजीत कुमार गांव फूलचौड़ चोराडगढ़ अरियारी शेखापुरा बिहार, कांस्टेबल आशीष कुमार सिंह गांव गरनाहा पो तोलड़ा गढ़वा झारखंड, कॉस्टेबल मनोज कुमार गांव निरगंजानी मुजफ्फरनगर उत्तर प्रदेश, कांस्टेबल अरूण कर्माकर गांव अभयपुर करीमपुर नदिया पश्चिम बंगाल, कांस्टेबल राम मेहर गांव खेड़ी मानसिंह करनाल हरियाणा।

**सुकमाका शहीदहरूलाई हाम्रोएकताको हार्दिक श्रद्धांजलि**

# छुटटै राज्य उत्तराखण्ड आन्दोलन र गोरखा समाजको अवदान

हाए कार्यालय

परिचय : देहरादूनका प्रमुख गोरखा नेता, भाषा आन्दोलनका अग्रणी, अनि उत्तराखण्ड राज्य आंदोलनमा गोर्खालीहरूका प्रेरणा स्रोत, लेखक गीतकार श्री बब्बर गुरूंग ''अँध्यारो'' को कुनै परिचयको आवश्यकता छैन। उनीले कांग्रेस पार्टीमा रहेर 22वर्ष जनसेवा गरे त्यस पछि उत्तराखण्ड क्रांतिदलमा सानो कार्यकर्ता देखी लिएर केन्द्रीय उपाध्यक्षको पद सम्मा पुगी प्रदेशको जनताको 14 वर्ष सम्म सेवा गरी सक्रिय राजनीति बाट बिदा लिएका हुन। एउटा लेखकको रूपमा श्री बब्बरज्यूले (अगस्त 1994 बाट अगस्त 2000सम्म) दुवैटा पुस्तक लेख्नु भएको छ प्रथम छुट्टै राज्य उत्तराखण्ड आंदोलन र गोरखा समाजको अवदान अनि नेपाली भाषा मान्यता आंदोलन –दून घाटीको हातेमालो उहांका यी पुस्तकहरूमा लेखिएका विचार अनि सस्मरणहरूलाई गोरखाली समाज सम्म पुरयाउने प्रयास हाम्रो एकताले गर्न खोजेको छ। यसर्थ 'हाम्रोएकता'को वर्ष 8 अंक 11, 31 जनवरी 2014 बाट प्रत्येक अंकमा पहिला छुट्टै राज्य उत्तराखण्ड आंदोलन र गोरखा समाजको अवदान बाट स–सानो अंश 'हाम्रोएकताले' प्रकाशन गर्दै छ सदस्यहरूले पढ्नु होला– सम्पादक

यस बन्दमा गोरखा क्रांति मोर्चा का 14 कार्यकर्ताहरूले योगदान गरे। 30.8.97 रैली केन्द्र सरकारलाई आफ्नो मांगलाई लिएर र असंतुष्टि देखाउंदै युवा वर्गको संगठन साया को आहवानमा रैलीको आयोजन भयो। रैलीमा राम्रो समर्थन र उपस्थिति थियो। यस रैलीमा गोरखा मोर्चाका सदस्यहरू आफ्नो ब्यानर लिएर अंश ग्रहण गरे। कुल 25 जना सदस्यले भाग लिएका थिए यस रैलीमा आन्दोलन कारीको जोश र उत्साह चार वर्षसम्म चलिरहयो। आंदोलनका विभिन्न गोरेटोहरूबाट हिंडेर पनि थौरै भए जस्तो थिएन। गन्तव्य पुग्ने बेला आयो भन्ने सबैलाई विश्वास थियो। 31.8.97 किच्छा कूच उत्तराखण्ड संयुक्त संघर्ष समिति को आहवानमा सहयोगी आन्दोलनकारी दहलहरूका सदस्यले देहरादूनबाट 350 कि मी टाढा किच्छा भन्ने ठाउंका लागि कचहरी परिसर, शहीद स्थलबाट कूच गरियो। यस कार्यक्रमको ध्येय आन्दोलनमा प्रथम शहीद हुने खटीमाका शहीदहरूलाई श्रद्धांजलि दिने अनि किच्छा भन्ने ठाउंको ठूलो चीनीको मिलका जनरल म्यानेजर जे पी सागरको विरोध गर्नु थियो। जे पी सागरनै मुजफफ्रनगरमा अक्टुबर 94को आंदोलनकारी माथि गोलीकाण्डको गला मेजिस्ट्रेट थियो। मुख्यमंत्री मायावती जीले जे पी सागरलाई पदोन्नति गरेर त्यहां स्थानान्तरण गरिदिएको कारण स्थानीय जनतामा अति क्षोभ थियो। देहरादून हरिद्वार, चिडापुर, नजीमाबाद आदि हुंदै हामी किच्छा बेलुका 8.30 बजे पुग्यौं देहरादून, ऋषिकेश र गढ़वाल बाट, 25 वटा बस पुगेका थिए हामीहरूको बस्ने व्यवस्था धर्मशाला गरिऐको थियो। देहरादून हरिद्वार, चिडापुर, नजीमाबाद आदि हुंदै हामी किच्छा बेलुका 8.30 बजे पुग्यौं। देहरादून, ऋषिकेश र गढ़वालबाट 25वटा बस पुगेका थिए। हमारीहरूको बस्ने व्यवस्था धर्मशाला गरिएको थियो। प्राय: 1200 जना आन्दोलनकारीहरू थिए त्यंहा। यह किसिमको पहिलो यात्रा भएका हुनाले मलाई अति रोमांच र आनन्द लागिरहेको थियो। कृषि र लघु उधोग को विकास देखेर उधमसिंह जिल्लालाई 'मिनी पंजाब' भने अत्युधिक न होला।किच्छाबाट बिहान 8 बजेतिर हामी खटीमाका लागि हिंड्यौं। त्यहांबाट प्राय: 15 किमी मा सितारगंज भन्ने ठाउं पर गरेर हामी 9.30 बजेतिर खटीमा पुग्यौं। त्यंहा स्थानीय कॉलेजको चउरदेखि हजारौंको संख्यामा जुलुस हिंड्दा ट्रेफिको को समस्या देखियो। खटीमाको छेउमा ठूलो ताल छ जसको छेउका ठूलो हिंड्दा ट्रेफिकको समस्या देखिये। गुरूद्वदा र छ। जुलुस पछि हामीले शहीदहरूलाई। श्रद्धाजंलि दिएर दिउंसो 11 बजे किच्छा का लागि हिंड्यों। 12 बजेतिर हामी किच्छा सुर मिल पुग्यौं। त्यंहा हजारौंको संख्या मा कुमाउं मण्डल बाट पनि पुगेका थिए आन्दोलनकारी विरोधका लागि। किन्छा सुगरमिलको बाहिर सभा मंच बनाइएको थियो। सभालाई सम्बोधन गर्नेहरूमा समिति अध्यक्ष श्री रणजितसिंह वर्मा, उकांद केन्द्रीय अध्यक्ष श्री काशीसिंह ऐरी, उपाध्यक्ष श्री विपिन त्रिपाठी, महिला प्रकोष्ट अध्यक्ष श्री सुशीला बलुनी, श्री बेद उनियाल, श्री बबर यस ऐतिहासिक किच्छा कूचमा लिने गोखा क्रान्ति मोर्चाको सदस्य थिए:

श्री बबर गुरूंग
सु.के एस लिम्बु
श्रीमती देवकी खत्री
श्रीमती संतोष क्षेत्री
श्रीमती विशम्बरी कोठारी

यो क्षेत्र 1997 भन्दा अघि नैनीताल जिलामा पर्दथ्यो। मुख्यमंत्री मायावतीले यस क्षेत्रलाई जिलाको स्तर दिएर यसको नाउं उधमसिंह नगर राखे। यस तराई क्षेत्रको आबादी 11 लाख जति छ। यस क्षेत्रमा सबभन्दा पहिला बसेका बोक्सा जनजाति र सिक्ख समुदाय हुन्–इनीहरूलाई भारताको स्वाधीनता उपरान्त शरणार्थीाके रूपमा श्री गोविन्द बल्लभ पंतज्यूको कृपाले यहां बसाइएको थियो। परिश्रम र लगनले क्षेत्रको विकासमा अवदान दिंदै शरणार्थीहरू सम्पन्न भएका छन्–यो हामीले सिक्नु पर्ने कुरो हो, परिश्रमको अरू कुनै विकल्प छैन उन्नतिका लागि! 3.9.97. धरनाको 1121वौं दिन गोरखा क्रान्ति मोर्चाको कचहरी परिसर, शहीद स्थलमो धरनाको पालो थियो आज। धरनामा बस्नेहरूको सं ख्या थियो– 11 जना। आन्दोलनको समापन नहुने बेलासम्म चलिरहने छ यो क्रम यसरीनै संघर्ष समितिको योजना अनुसार। 19.9.97. शहीद स्थलमा धरनाको 1137वौं दिन उत्तराखण्ड गोरखा क्रान्ति मोर्चाले कचहरी परिसर, शहीद स्थलमा धरनाको पालो थियो। आज धरनामा बस्नेहरूको संख्या थियो–16। यो क्रम यसरीनै संघर्ष समितिको योजना अनुसार आन्दोलनको समापन नहुने बेलासम्म चलिरहने छ।

"हाम्रो एकता" जनवरी 1999 बाट सम्झनाको निम्ति

# दिवंगत प्रिंसीपल गजेन्द्र सिंह थापा

## एउटा समझना

तिहारको न बिर्सन सम्झनालाई अश्रुपूर्व आंखा हरूमा सगांलेर 20 अक्टूबर 1998 को बिहान 2.30 बजे बहुमुखी प्रतिभाको धनी, देहरादून भेखको प्रथम गोरखाली प्रिंसीपल अनि सौम्य प्रफुल्लित, संधै उत्साहित रहने बानी भयको लोकप्रिय समाजसेवी श्री गजेन्द्रसिंह थापाज्यूले यस संसारलाई 'लौ हई बस' भन्नु भयो। उहां 72 वर्षको हुनु हुन्थ्यो। तेस्रो गोरखाका लैफ्टिनेंट भीम बहादुर थापा ओ.बी..आई. सरदार बहादुर अनि गवर्नर आफ ओड़िसा एंड बिहारको ए.डी.सी.को सुपुत्र श्री गजेन्द्र सिंह थापाको प्रारम्भिक शिक्षा उहांको जन्मस्थान अल्मोड़ामा भयेको हो। पिता सैनिक हुनले उहांले किंग जॉर्ज स्कूल जालधंरमा पनि शिक्षा पाये। परंतु प्रारब्धा उहांको कार्यक्षेत्र शिक्षा एवं समाजसेवा थियो र अंत समय तक उनी यो क्षेत्रमा कार्यशील रहे। सन् 1946मा गोरखा मिलिट्री स्कूलमा सहायत शिक्षकको पदमा नियुक्ति पश्चात उहांले एम.ए एवं डिप्लोमा इन टीचिंग इंग्लिशको उपाधि प्राप्त गर्नु भयो र उहांलाई 1961मा यै विद्यालयको प्रधानाचार्यको पदमा चयनित गरियो। त्येस बेला उहां बीमा कम्पनीमा फील्ड आफिसर पनि हुनुहुन्थे र पनि सबै सहूलियत एवं पैसाको मुख न हेरी उनी शिक्षण तिरनै लागे। उहांको अथक प्रयासले विद्यालयले सन् 1963मा इंटरमीडिएर कालेजको मान्यता पायो। त्यस बेला स्कूलको हाईस्कूल र इंटरको परीक्षाफल उच्चतम रहथ्यो। किनकि उहां अनुशासन एवं विद्यार्थीहरूको पढ़ाई प्रति सदैव सजग रहन्थे। प्रसिद्ध फुटबाल खिलाड़ी श्याम थापा तेती बेला कालेजको छात्र थिये र उनिको कप्तानीमा दुई पटक सुब्रोतो कप (स्यानो डूरेन्ड) जितनुमा स्कूल सफल भयेको हो। प्रिंसीपल थापाज्यूले खेल प्रति पनि रूचि राख्दथे। उहांकी धर्मपत्नी श्रीमती भगवती देवी संग भेटवार्तानुसार प्रिंसीपल साहेब एउटा जन्मजात चित्रकार प्रतिभाका धनी थिये भनि थाह लाग्यो। उहां 'चित्र कुटीर' देहरादूनका प्रसिद्ध चित्रकार श्री देवी सिंह 'दून रत्न'को शिष्य पनि रहे। श्रीमती थापाको अनुसार थापाज्यूले आफ्नो मृत्यु भन्दा केही अघि जोड़ी मुनाल पक्षीको चित्रण गर्नु भयेको थियो। सो चित्र उहांले पूर्ण गर्नु पायेनन। देहरादून भेखमा सामाजिक एवं राजनैतिक चेतना ल्याउने कार्यक्रममा उहांको भूमिका एवं मार्गदर्शन सदैव याद रहला। मान्छेहरूले भूलेको छैनन कि उहांको कार्यकालमा गोरखा स्कूलको प्रांगणमा सन् 1979मा एउटा ठुलो सभा बीच गोरखा डेमोक्रेटिक फ्रंटको स्थापना भयको हो। आफु अ. भा. नेपाली भाषा समिति उ.प्र. राज्य शाखाको संस्थापक अध्यक्ष, वीर बलभद्र खंलगा विकास समितिको अध्यक्ष हुंदा आफ्नो छवि समाज भित्र बनाई सकनु भयेको थियो। सन् 1986मा रिटायर हुने बित्तिकै श्री थापाज्यू देहरादूनको पुरानो र शीर्षस्थ संस्थाको गो.सु.सको अध्यक्ष हुनु भयो। अत: उहांको कार्यकाललाई स्वर्णिम भन्नु सकिन्छ। सुधार सभाको सदस्यता कार्यक्रमहरूमा वृद्धि भयो। सुधारसभाको आठवटा दोकान बाट वार्षिक आय 50,000 रूपैया भन्दा धैरै पुर्‌याउनुमा श्री थापा ज्युको दूर– दृष्टि थियो। उहां आफ्नो इण्टर कालेजको प्रबंधक र आल इंडिया गोरखा एक्स सर्विसमेन वेलफेयर एसोसियेशनको उपाध्यक्षको जिम्मेवारी सफलतापूर्वक निबाही रहेको थिये।

शिवानन्द उपाध्याय

# चीनको 17 कम्पनीहरूले उत्तराखंडमा निवेश गर्ने तैयारी

हाए कार्यालय

देहरादून, (वि.पु)। मलेशिया र थाइलैण्डको बाद अब चीनको 17 कम्पनीहरूको उत्तराखण्डमा निवेशको तैयार भई रहेको छ। 17 चीनी कम्पनीका प्रतिनिधिहरू निवेशलाई लिएर 24 अप्रैलको दिन सीएम त्रिवेन्द्र सिंह रावतलाई भेंट गर्ने छन। बैठकमा यी कम्पनीहरू संग 6000 करोड़ भन्दा बढ़ि निवेशमा सहमती बन्ने उम्मीद छ। त्रिवेन्द सरकारले राज्यमा विदेशी निवेश माथि धैरे ध्यान दी रहेको छ। निवेशको लागि मलेशिया र थाइलैंडको अधिकारीहरू सित सीएम रावतको कुरा–कानी भई सकेको छ। अब 24 अप्रैलमा चीनका 17 कम्पनीहरूका प्रतिनिधिहरूसंग वार्ता हुने छ। विशेष गरीकन चीनका कम्पनीहरू फर्नीचर, कालीन, कंबल, वाइन, माइनिंग आदि क्षेत्रमा निवेशको इच्छक छन। राज्य सरकाले चीनी कम्पनीहरूलाई सिडकुलको अलावा राज्यको अन्य ठाउंमा पनि जमीन उपलब्ध गराउने छ। अपर सचिव उद्योग आर.राजेश कुमारले बताउनु भयो कि चीनको 17 कम्पनीहरू द्वारा राज्यमा उद्योग लगाउनले करीब 15, हजार रोजगारको नया अवसर पैदा होला। 24 अप्रैलको बैठकमा निवेशको कार्य योजनालाई अन्तिमरूप दिइने छ।.

# मोदीको लहरमा दिल्लीवासीहरू लरकिए

हाए कार्यालय



भाजपा दिल्ली प्रदेशका अध्यक्ष मनोज तिवारी संग भाजपा नेता वेंकैया नाएडू आदिहरू

नई दिल्ली 26 अप्रैल। दिल्ली नगर निगम चुनावमा भाजपाले जीतको हेट्रिक लगायो यसलाई यसोगरी पनि भन्नु सकिन्छ मोदीको लहरमा दिल्लीवासी लरकिए। उता आफ्नै रणनीतिमा आल्झिएर आम आदमी पार्टी (आप) र कांग्रेसलाई क्लीन बोड गरि दिएको छ। दिल्ली नगर निगममा पछिलो 10 वर्ष देखि भाजपाकै कब्जा थियो। 270 वार्डहरूमा भएको चुनाव नतिजामा भाजपालाई 181 आपलाई 48 र 30 सीटको साथमा कांग्रेस तेस्रो स्थानमा खस्कियो। पार्टीहरूको वोट प्रतिशतमा पनि फरक पर्नु गएको छ। आप पार्टीको वोट प्रतिशत यस चुनावमा आधा हुनु गएको छ। 2015को विधानसभा चुनावमा आपलाई 54.3 प्रतिशत वोट मिलको थियो जो घटेर निगम चुनावमा 26.23 प्रतिशत मात्र रहेको छ। भाजपाको वोट प्रतिशत 4 प्रतिशत बढ़ेको छ भने कांग्रेसको वोट प्रतिशतमा जबरदस्त उछाल देखिएको छ। विधान सभाचुनावमा कांग्रेसलाई 9.7 प्रतिशत वोट मिलको थियो। यो निगम चुनावमा पार्टीलाई 21.11 प्रतिशत वोट प्राप्त भयो। तर आप पार्टीले एक फेर-फेरी ई.वी.एममा गडबड़ीको आरोप लगाएको छ। लोकतंत्रको त्रासद बताउंदै उपमुख्यमंत्री मनीष सिसोदियाले भन्नुभयोकि हाम्रो आरोपको मान्छेहरूले अहिले मजाक उड़ाएका छन तर हामी पछि हटने छैनौं।

## समाचारपत्र 'हाम्रोएकता' कसरी पाउने

मुनि दिएको कूपन भरेर आफूलाई चाहिएको सदस्यतामा निशान लगाएर सदस्यताको रकम तल लेखिएको ठेगानामा पठाउनुहोस्। कार्यालयमा सदस्यता प्राप्त हुंदा साथ हामी उहांको ठेगानामा 'हाम्रोएकता' पोस्ट गर्नेछौं, नो टेंशन।

### कूपन

| निशान | | वर्ष | अंक | रू. |
|---|---|---|---|---|
| | सदस्यता रकम | 1 | 12 | 40 |
| | सदस्यता रकम | 2 | 24 | 80 |
| | सदस्यता रकम | 3 | 36 | 120 |
| (रूपिया डाक खर्चा समेत) | | | | |

आजीवन सदस्य (एकै फेरा) 600/- रूपिया एकै फेरा
विशिष्ट सदस्य (एकै फेरा) 1200/- रूपिया एकै फेरा
संरक्षक (एकै फेरा) 5000/- रूपिया एकै फेरा

नाम : ..............................................................
ठेगाना : ..............................................................
शहर : ..............................................................
फोन नं : ..............................................................

चेक वा रूपया पठाउने ठेगाना
हाम्रोएकता समिति (रजि०)
70 नयांगांव, डाक अनारवाला, देहरादून कैन्ट (उत्तराखण्ड)
मो नं० 9897804293

नोट :- पुरानो सदस्यहरूले वितरक छ भने वितरकलाई सदस्यता रकम जमा गराउनु नभए, दिएको ठेगानाम चैक/एम.ओ/ड्राफ्टद्वारा पठाउने अनुरोध गर्दछौं।

## "हाम्रोएकता" समिति (रजि0)

### कार्यालय :70, नया गांव (विजयपुर-हाथीबड़कला) डाक-अनारवाला देहरादून कैण्ट

**माननीय संरक्षक**

कै. जे.बी. कार्कीज्यू कौलागढ़ देहरादून।
बिग्रे. पी.एस. गुरूंगज्यू, गढ़ी देहरादून
श्री पूरन बहादुर रानाज्यू, किशनपुर, देहरादन
ह. डम्बर सिंह थापाज्यू, चन्द्रबनी, देहरादून।
कु. सुषमा प्रधान, ग्राम विलासपुर, कांडली, देहरादून कैंट।
ले.क. विक्रम सिंह क्षेत्री, महारानी बाग देहरादून।
श्री राजकुमार कौल नया गाँव दे.दून कैन्ट।

**माननीय प्रमुख दानदाताहरू**

श्री अजय थापाज्यू, गढ़ी, डान्डी, देहरादून
श्री नितिन गुरूंगज्यू, जोहड़ी गांउ, देहरादून
श्री पूरन बहादुर रानाज्यू, किसनपुर, देहरादून
पाल ज्वैलर्स, गढ़ी देहरादून कैन्ट
श्री सुरेश प्रधानज्यू (लड़िया) नया गांउ देहरादून

**माननीय विशिष्ट सदस्यहरू**

1. ले.क. वीएम थापाज्यू, कालीदास मार्ग देहरादून
2. सु.मे. (अ.प्रा.) बुद्धि सिंह राणा, रूड़की
3. श्री पी.एस.पुनज्यू, चन्द्रबनी देहरादून
4. श्री सुरेन्द्र थापाज्यू, मोहब्बेवाला देहरादून
5. श्री शोभा सिंह क्षेत्रीज्यू, नींबूवाला, देहरादून
6. डा.एन.एस. गुरूंगज्यू, नया गाउं, देहरादून
7. श्री सूर्यविक्रम शाहीज्यू, चन्द्रमणी, देहरादून
8. श्रीमती ज्योति राई कोटियाज्यू, नयागांउ, देहरादून
9. श्री सत्यदेव थापाज्यू नया गांउ, देहरादून
10. कै. टीकाराम थापाज्यू, राष्ट्रपतिको आजीवन ए.डी.सी. नयागाउं।
11. श्री प्रेम बहादुर थापा छिद्दर वाला, देहरादून
12. आ.के. प्रेम बहादुर गुरूंग ठाकुर पूर देहरादून

**मा0 आजीवन सदस्यहरू**

1. श्री पदम पन्थीज्यू, कौलागढ़, देहरादून
2. श्री शिव प्रसाद गुरूंगज्यू, नयागाउं, देहरादून
3. श्री माधव प्रसाद उपाध्यायज्यू, नया गांउ, देहरादून
4. कै. आर.बी. रानाज्यू, बालावाला, देहरादून
5. श्री आर.एस.रानाज्यू, बालावाला, देहरादून
6. श्री डी.बी. रानाज्यू, किशनपुर देहरादून
7. श्री एस.बी. रानाज्यू, 9 कलीदास मार्ग, देहरादून
8. ले.क.एस.एस. थापाज्यू, वसन्त बिहार, देहरादून
9. श्री बी.के. बरालज्यू, गढी कैन्ट, देहरादून
10. ले.क. सी.बी. थापाज्यू, रायपुर, देहरादून
11. कै.डी.बी. सुब्बाज्यू, मोहब्बेवाला, देहरादून
12. श्री देवेन्द्रलामाज्यू, नया गांउ, देहरादून
13. श्रीमती सरोज गुरूंग, नया गांउ देहरादून
13. श्री दुर्गा प्रसाद उपाध्याय, गढ़ी, देहरादून कैंट
14. कै जी.एस. कार्की ज्यू, हि. प्रदेश
15. श्री श्याम सिंह क्षेत्री ज्यू, नाईवाला, देहरादून
16. ले.क. एन.एस. खत्री ज्यू, गांधी ग्राम, देहरादून
17. श्री पहल सिंह क्षेत्रीज्यू क्लेमेन्टाउन, देहरादून।
18. श्री हरी दत्त शर्माज्यू, नागेश्वर मंदिर डाकरा।
19. श्री नवीन पंवारज्यू डाकरा, देहरादून
20. श्री शेर बहादुर खत्रीज्यू, कौलागढ़, देहरादून
21. मेजर प्रहलाद चन्द्र रतन कार्कीज्यू, गढ़ी, देहरादून
22. श्रीमती लक्ष्मी प्रधानज्यू, नया गांउ, देहरादून
23. कर्नल वी.एस. खत्रीज्यू, नया गांउ, देहरादून
24. श्रीमती विद्या देवी आलेज्यू, बालावाला, देहरादून
25. श्रीअरूणसिंह आलेज्यू, बालावाला, देहरादून
26. श्री के.बी. रानाज्यू रांझावाला, देहरादून
27. श्री भाष्कर रानाज्यू, बंगलुरू, कर्नाटक
28. कु. समिता राणाज्यू, बंगलुरू, कर्नाटक
29. पाल ज्वैलर्स, गढ़ी, देहरादून कैन्ट
30. श्री अमर जंग रानाज्यू, बालावाला, देहरादून
31. ले.क.वीकेशर्माज्यू अधि.जसवन्तनगरदेदून
32. ले.क.रामसिंह थापाज्यू कुटालवाली दे.दून।
33. श्री कपिल थापाज्यू नयागांव, देहरादून
34. पं0 राम प्रसाद गौतमज्यू, ठाकुरपूर, देहरादून
35. श्री रमन रानाज्यू, बालावाला, देहरादून
36. श्रीमती अनुराधा खत्रीज्यू राजपूर रोड, देहरादून
37. अध्यक्ष गोरखा पू.सै.उ.भ.कोष,नया गांउ देहरादून
38. कमां. पूरन सिंह क्षेत्रीज्यू जीएमएसरोड, दे.दून
39. सुश्री स्नेहलता राईज्यू दार्जीलिंग (पं.बं)।
40. श्री राम सिंह थापाज्यू नेहरू ग्राम, देहरादून।
41. मेजर वी.एस.थापाज्यू शिमला, (हि.प्र.)
42. ले.क. डी.वी. थापाज्यू जी.एम.एस.रोड दे.दून
43. श्री ए.के. प्रधानज्यू अनारवाला, देहरादून कैंट
44. सू.मे. बुद्धि सिह राणाज्यू रूड़की
45. श्रीमती कमला थापाज्यू नया गाउं दे.दून कैं.
46. श्रीमती पूर्णा थापाज्यू पूर्व प्रधानकेदारपुर।
47 कै जे.बी. कार्कीज्यू-कौलागढ़
48 कै पी.बी. राईज्यू-क्लेमिन टाऊन
49 मेजर शिव दर्शन सिंहज्यू-धर्मशाला
50 लेफ्टिनेट दीक्षान्त कार्कीज्यू-7/11 जी आर
51 श्री जे.पी. थापाज्यू, बसन्त विहार, दे.दून
52 श्री टेक बहादुर प्रधानज्यू, नहान (हि.प्र.)
53 श्री श्याम खत्रीज्यू, चांदमारी दे.दून
54 कैप्टन अशोक गुरंगज्यू-नयां गांव, दे.दून
55 दिव्य ज्योति जागृति संस्था-नयां गांव, दे.दून
56 श्री मोहब्बत सिंह थापा, रांझावाला दे.दून
57 श्री कमल बहादुर आले, बागेशवर
58 सु. सुरेन्द्र सिंह, बुड़ाथोकी, बागेश्वर
59 सु. पूरन सिंह गुरूंगज्यू, रांझावाला, दे.दून।
60 श्रीमती इन्दिरा गुरूंग, डाक रांझावाला, दे.दून।
61 कर्नल एस.एस. कंवर आशीर्वाद एनक्लेव दे.दून।
62 आ.कै. वी.के. थापा, गढ़ी (डाण्डी)दे.दून।
63 ले.क. डीएस खड़का, टपकेश्वर मार्ग गढ़ी।
64 श्रीमती देवमाया गुरूंग, ठाकुरपुर दे. दून।
65 श्री सूरज राई, प्रेमपुर माफी दे.दून।
66 श्री शिवलाल आले प्रेमपुर माफी दे.दून।
67 श्री विशन सिंह थापा, डाक एवं ग्राम रांझवाला दे.दून।
68 श्री दीपक कुमार लिम्बू, 325 कौलागढ़ दे.दून।
69 श्री भीम सिंह बुड़ाथोकी अपर नेहरूग्राम दे.दून।
70 ले.क. एसएम शाही नेहरूग्राम, डांडी, दे.दून।
71 सु.शेरजंगराई नागनाथ दे.दून।
72 पूर्व वन दरोगा दिवान सिंह थापा, जिला बागेश्वर
73 आ. कै. खड़क सिंह थापा ग्राम जोहड़ी देहरादून कैन्ट।
74 पूर्व सू. इन्द्र सिंह थापा, जिला बागेशवर
75 ले.क.पी.एस.गुरूंग, नयागाव, देहरादून केंट
76 श्री खेम बहादुर गुरूंग, नयागाव, देहरादून केंट
77 कै. आर.एस.थापा चन्द्रबनी, दे.दून।
78 श्री रवि शंकर थापा, गुजराड़ा, करनपुर, डाक-घंघोड़ा दे.दून।
79 ले.क.पी.एस. थापा चन्द्रबनी दे.दून
80 कै. डी.पी.थापा चन्द्रबनी दे.दून
81 श्री अरूण कुमार शर्मा डाकरा कैन्ट दे.दून
82 कै. एस.के.सिंह प्रधान चन्द्रबनी दे.दून
83 कै. इन्द्र बहादुर थापा चन्द्रबनी दे.दून
84 कै. बीशन बहादुर थापा चन्द्रबनी दे.दून
85 सू. उत्तम सिंह थापा चन्द्रबनी दे.दून
86 ह. क्लर्क कैशर सिंह थापा चन्द्रबनी दे.दून
87 श्री राम प्रसाद गुरूंग चन्द्रबनी दे.दून
88 सुश्री सारिका प्रधान चन्द्रबनी दे.दून
89 सुश्री दुर्गा गुरूंग आशीर्वाद एन्केलव दे.दून
90 कै. प्रेम फुल्ला थापा, चन्द्रबनी दे.दून
91 श्री शेर जंग थापा, नया गाँव दे. दून
92 श्री विमल राना, बिजली वाला नया गाँव देहरादून कैन्ट।
93 सुन्दर प्रधान नयागांव दे.दून
94 कै. ज्ञान सिंह गुरूंग, जोहड़ी गांव दे.दनू
95. कै. देव प्रसाद थापा, नया गांव दे.दून कैन्ट
96. श्री जे.बी ठाकुरी, श्यामपुर दे.दून
97. श्री टी.बी. राना मोहब्ब वाला दे.दून
98. ह. बल बहादुर गुरूंग, पिथौरागढ़, उत्तराखण्ड।
99. श्री मोहन सिंह ठाकुरी ग्राम मसन्धा वाला देहरादून।
100. एस. एस बोहरा ग्राम चन्द्रमणि खालस देहरादून।
101. श्री कुलदीप गुरूंग ग्राम चन्द्रमणि खालस देहरादून।
102. श्री राजन बस्नेत 233 डाकरा देहरादून कैन्ट।
103. मोहब्बत सिंह थापा रांझा वाला देहरादून ।
104. ऑ.कै एल.बी. मल्ल रायपुर देहरादून।
105. श्री जगत शमशेर गुरूंग, जोहड़ीगावं देहरादून कैन्टश्रीमती
106. श्रीमती कंचन देवी पत्नी श्री राजकुमार पठानकोट (पंजाब)
107. सु.कृष्ण बहादुर थापा, ग्राम फुलसणी डाक पौधा दे.दून
108. सु. आ.कै. अर्जुन बहादुर थापा, ग्राम फुलसणी डाक पौधा दे.दून
109. ह.अरूण बहादुर थापा, ग्राम फुलसणी डाक पौधा दे.दून

संस्थापक स्व0 नारायण सिंह राना,
सम्पादक- नरेन्द्र सिंह कार्की
हाम्रो एकता समिति (रजि०) को लागि नरेन्द्र सिंह कार्की द्वारा अवि प्रिन्टर्स 21 ईसी रोड देहरादून बाट मुद्रित एवं 70 नया गांव, डाक-अनारवाला, देहरादून कैन्ट बाट प्रकाशित।
आरएनआई नं. यूपी एनईपी/1999/01825, डाक पंजीयन सं. यूए/डीओ/देहरादून 264/2015-2017 (डीएवीपी एवं राज्य सरकार द्वारा विज्ञापनहरूको निंति मान्यता प्राप्त)
मो.-9897804293, E-mail: hamroekta@yahoo.com, Website:www.hamroekta.com
नोट : 1. समाचारपत्रमा प्रकाशित सामग्रीहरूसित सम्पादकको सहमति हुनु आवश्यक छैन। 2. समस्त प्रकारका विवादहरूका लागि देहरादून न्यायालनै मान्य होला।